का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० चैत २०८२
मंगलबार
24 March 2026
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्याह्न
राष्ट्रिय दैनिक
इपेपर हेर्नु



# महान्यायाधिवक्ताको पदीय दुरुपयोग



## मुद्दा फिर्ता लिने अधिकारै खोस्नुपर्छः कानुनविद्

### विवादित ३ मुद्दा

- नाबालिगको डिम्ब खरिद-बिक्रीसम्बन्धी मुद्दा फिर्ता
- रवि लामिछानेविरुद्धको संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग फिर्ता
- वर्ल्डलिंकमाथि लागेको करछली मुद्दामा पनि जाँदाजाँदै मुद्दा नचलाउने राय



भण्डारीसँग जोडिएका अधिकांश विषय सरकारको जानकारी वा आडभरोसा नपाई सम्भव हुँदैन। अन्तिम जिम्मेवारी सरकारकै हुन्छ।

**भीमार्जुन आचार्य**
**वरिष्ठ अधिवक्ता**

**रूपेश आचार्य/मध्यान्ह**
काठमाडौं, ९ चैत

पछिल्लो समय महान्यायाधिवक्ताहरूबाट सरकारवादी मुद्दा फिर्ता लिनसक्ने अधिकारको दुरुपयोग बढ्न थालेकाले सो अधिकार नै कटौती गरिनुपर्ने कानुनविद्हरूले बताएका छन्।

देशकै पहिलो महिला महान्याधिवक्ता बनेकी वरिष्ठ अधिवक्ता सविता भण्डारीको ६ महिने कार्यकालका विवादास्पद निर्णयले पनि त्यसलाई पुष्टि गरेको उनीहरूको तर्क छ। जेनजी आन्दोलनपछि भदौ २९ गते महान्यायाधिवक्ता नियुक्त भएकी भण्डारी कार्यकालको सुरुमै डिम्ब तस्करी मुद्दा फिर्ता लिएर विवादमा तानिइन्। उनको आफ्नैसमेत लगानी रहेको भनिने होप फर्टिलिटी क्लिनिकविरुद्ध नाबालिगको डिम्ब खरिद-बिक्रीसम्बन्धी गम्भीर अभियोग लागेको थियो। तर, सो प्रकरणमा मुद्दा नचलाउने निर्णय गरेपछि भण्डारी विवादमा तानिइन्।

सो प्रकरणले प्रधानमन्त्री सुशीला कार्कीलाई महान्यायाधिवक्ता हटाउनसमेत दबाब परेको थियो। चौतर्फी आलोचना भए पनि कार्कीले उनलाई हटाइनन्। बरु, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्धको सहकारी ठगी मुद्दामा संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग फिर्ता लिन लगाइन्। महान्यायाधिवक्ता भण्डारीले गरेको सो निर्णय जिल्ला अदालतहरूले अस्वीकार गरेका छन् भने सर्वोच्च अदालतमा त्यससम्बन्धी रिटको सुनुवाइ जारी छ।

महान्यायाधिवक्ता त्यतिमै रोकिइनन्। प्रतिनिधिसभा निर्वाचनपछि नयाँ सरकार आउने मिति तोकिइसकेको स्थितिमा इन्टरनेट कम्पनी वर्ल्डलिंकमाथि लागेको कर छलीमुद्दामा पनि जाँदाजाँदै मुद्दा नचलाउने राय दिएकी थिइन्। उनका तीन निर्णय कतिसम्म विवादित बन्न पुगे भने ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले साधारण सदस्यबाट समेत निलम्बन गरेको छ। भ्रष्टाचारविरोधी सो संस्थामा उनी सदस्य थिइन्।

महान्यायाधिवक्ताको ध्यान विवादास्पद मुद्दा तर्फभन्दा न्याय प्रणालीलाई बलियो र भरपर्दो बनाउनेतिर हुनुपर्ने कानुनविद्हरू बताउँछन्। संविधानविद् काशीराज दाहालले महान्याधिवक्ता भण्डारीको प्रसंगलाई गहिराइमै पुगेर हेरिनुपर्ने बताए। 'महान्यायाधिवक्तामा विज्ञको साटो नजिककालाई स्वकीय सचिवसरह नियुक्त गर्ने शैलीमा क्रमभंग भएन' उनले भने, 'राजनीतिक दलले आफूनिकटको मानिस नियुक्त गर्ने गरेका कारण पनि अधिकारको दुरुपयोग गर्दै मुद्दा फिर्ता लिने परम्परा बस्यो। यो त्यसैको शृंखला हो।' यसअघि वरिष्ठ पृष्ठ २ मा

# उम्मेदवारको खर्च विवरण अडिट गर्दै महालेखा

उम्मेदवारको बैंक खाताबाट भएको कारोबार, सामाजिक सञ्जालमा गरेको खर्च र सार्वजनिक गरेको खर्च विवरण हेरिनेछ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ चैत

निर्वाचन परिणाम आएसँगै प्रतिनिधिसभा सदस्यका उम्मेदवारहरूले धमाधम निर्वाचन खर्च विवरण सार्वजनिक गरिरहेका छन्।

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ निर्वाचित उम्मेदवारले र समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलले निर्वाचन प्रचार-प्रसारमा गरेको खर्चको विवरण सार्वजनिक गर्नुपर्छ।

सार्वजनिक गरेको फोटो वा स्क्रिनसट प्रिन्ट गरी वा भरपर्दो प्रमाण संलग्न गरी निर्वाचन सम्पन्न भएको मितिले ३५ दिनभित्र राजनीतिक दलले निर्वाचन आयोगमा र उम्मेदवारले आफ्नो जिल्लामा रहेको प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा जानकारी गराउनुपर्छ।

२१ फागुनमा भएको निर्वाचनमा ६८ राजनीतिक दलले भाग लिएका थिए। प्रत्यक्षतर्फ १६५ र समानुपातिकतर्फ ११० सिट गरी कुल २७५ सिटका लागि भएको निर्वाचनमा कुल ६ हजार ५४१ उम्मेदवार थिए। जसअनुसार अनुसार प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा थिए। समानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार थिए।



महालेखा परीक्षकको कार्यालयसँग मिलेर निर्वाचन आयोगले उम्मेदवारको चुनावी खर्च विवरण अडिट गर्दछ।

**सुमन घिमिरे**
**सूचना अधिकारी**
**निर्वाचन आयोग**

निर्वाचनमा सहभागी दल र उम्मेदवारले तोकिएको समयसीमाभित्र निर्वाचन प्रचार-प्रसारमा भएको खर्चको विवरण सार्वजनिक गर्नुपर्छ।

प्रत्यक्षतर्फ निर्वाचित हुने उम्मेदवारले सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा र समानुपातिक निर्वाचन प्रणालीतर्फको हकमा सम्बन्धित राजनीतिक दलले निर्वाचन आयोगसमक्ष तोकिएको ढाँचामा निर्वाचन प्रचार-प्रसारमा भएको आम्दानी र खर्चको विवरण सार्वजनिक गर्नुपर्छ। निर्वाचन खर्चको विवरण पृष्ठ २ मा



**संसदमा नयाँ अनुहार**

## हिन्दुवादी राप्रपाका मुस्लिम सांसद

हिन्दु-मुस्लिम सबै मिलेर बस्नुपर्छ। गीता र कुरानको सार एउटै हो।

विस्तृत पृष्ठ २ मा

### इनिशा मृत्यु प्रकरण

# सकिएन अनुसन्धान उठेन शव




**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ९ चैत

सुर्खेतमा १६ वर्षीया इनिशा विकको बलात्कारपछि हत्या भएको तीन साता भइसक्दासमेत पीडित परिवारले शव बुझेको छैन। उनको शव कर्णाली प्रदेश अस्पतालमा राखिएको छ।

यस प्रकरणमा संलग्न अभियुक्तहरूको बयान सकिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार, घटनाको विभिन्न कोणबाट अनुसन्धान भइरहेको छ। सिसिटिभी फुटेजमा बिहान ६ बजेतिर इनिशा र १६ वर्षीय किशोर मात्र सामुदायिक वनमा गएको देखिएको छ। ८ बजेपछि अरू तीन किशोर पनि घटनास्थलमा पुगेको देखिन्छ। किशोरहरूले प्रहरीलाई दिएको बयान सत्य हो वा झुटो पत्ता लगाउन पोलिग्राफ परीक्षण पनि गरिने जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रमुख सुधीरराज शाही बताउँछन्। त्यसका लागि नेपालगन्जबाट पोलिग्राफ टोली सुर्खेत पुगिसकेको छ।

फरेन्सिक ल्याबमा पीडित र पीडक दुवैको मोबाइललगायत विद्युतीय सामाग्रीहरू अनुसन्धानका लागि पठाएकोमा रिपोर्ट आइनपुगेको शाहीले बताए। केन्द्रीय विधिविज्ञान प्रयोगशालाबाट पनि रिपोर्ट आएको छैन। रिपोर्ट आउन अझै एक महिना लाग्न सक्ने उनी बताउँछन्। पोलियोग्राफीले बयानमा झुटो बोलेको भए पत्ता लगाउने उनको भनाइ छ। 'मृत्युको कारण पत्ता लगाउन घटनास्थलबाट संकलित सम्पूर्ण प्रमाणहरू प्रयोगशालामा पठाइएको छ,' उनले भने, 'घटनाको वैज्ञानिक तरिकाले अनुसन्धान भइरहेको छ।'

सो घटनामा प्रहरीले विभिन्न कोणबाट अनुसन्धान पूरा गरिसके पनि फरेन्सिक रिपोर्ट आउन बाँकी रहेकाले निष्कर्षमा पुग्न नसकिएको उनी बताउँछन्। 'अभियुक्तहरूको बयान सकिएको छ, फरेन्सिक रिपोर्ट आएपछि अनुसन्धान निष्कर्षमा पुग्छ,' प्रहरी उपरीक्षक शाहीले भने।

इनिशा मृत्यु प्रकरणको थप अनुसन्धान गरेको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पनि अनुसन्धान अन्तिम चरणमा रहेको जनाएको छ। 'इनिशाको मृत्यु प्रकरणको अनुसन्धान भइरहेको छ,' सिआइबीका प्रवक्ता पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

# कामदारलाई ज्यान भन्दा जागिरको माया

**मधु शाही/रासस**
काठमाडौं, ९ चैत

छोटो छुट्टीमा घर परिवार भेट्न आएका लिवेक महतलाई साथीहरूले तुरुन्तै कतार नआउन सुझाव दिएका छन्। राम्रो आम्दानी भएको जागिर गुम्ने डरले बुटवलका २७ वर्षे महतलाई वैदेशिक रोजगारमा नगइ सुख छैन। युद्धको प्रवाह नगरी उनी दुई पटक रद्द भएको कतार यात्रा फेरि सुरु गर्दै छन्।

उनी भन्छन्, 'साथीले नआइज भन्छन्, नजाउँ जागिर खोसिने डर छ।' उनी घर आएको एक हप्तामा अमेरिका-इजरायल र इरानबीचको युद्ध सुरु भएको थियो। सुरुमा डर लागे पनि परिवार चलाउने आधार गुमाउन नचाहेको उनले सुनाए। होटलमा सेफको जागिर गरेर उनले मासिक दुई लाख आम्दानी गर्छन्। जुन रकम उनले घर पठाउँछन्।

गाउँमा बस्दा जतिसुकै मिहिनेत गरे पनि खाएर सकिने र बचत नहुने हुँदा विदेश नै आयस्रोतको गतिलो गन्तव्य रहेको उनले सुनाए। यही मार्च २५ तारिखमा पृष्ठ २ मा



## सहकर्मीको हत्या आरोपमा मलेसियामा एक नेपाली पक्राउ

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, ९ चैत

मलेसियामा एक नेपाली कामदारले छुरा प्रहार गरेर सहकर्मीको हत्या गरेका छन्। पेनाङ राज्यको पर्माताङ तिङ्गीमा रहेको कम्पनीको होस्टेलमा एक २५ वर्षीय नेपालीले आफ्नै नेपाली सहकर्मीको हत्या गरेका हुन्।

प्रहरीले उनलाई पक्राउ गरेको छ। उनको नाम भने प्रहरीले सार्वजनिक गरेको छैन। उनलाई ७ दिन हिरासतमा राखेर अनुसन्धान गर्न स्थानीय अदालतले अनुमति दिएको छ। न्यायाधीश सविन्दर सिंह र जुगिन्दर सिंहले मलेसियन अपराध संहिताको धारा ३०२ अन्तर्गत अनुसन्धानका लागि उनलाई मार्च २९ तारिखसम्म पृष्ठ २ मा

**पिनासका लक्षणहरु:**

- नाक बन्द हुनु, नाकबाट श्वास फेर्न गाह्रो हुनु र टाउको दुख्नु,
- आँखाको अगाडी र तलको भाग दुख्नु,
- नाकको छेउछाउ र अनुहार छोएपछि दुख्नु,
- विहानको समयमा टाउको बढी दुख्नु,
- सुँघ्ने शक्ति कमजोर हुनु,
- नाकबाट बाक्लो, पहेंलो सिँगान बग्नु,
- थकान महसुस हुनु, टाउको भारी र शरीर आलस्य हुनु आदी।

**लक्षण देखिएमा नजिकको स्वास्थ्य चौकिमा जाँच गराऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# हिन्दुवादी राप्रपाका मुस्लिम सांसद

सपना बोहरा/मध्यान्ह
काठमाडौं, ९ चैत

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को मुख्य मुद्दा नै हो, हिन्दु अधिराज्य । तर, सोही पार्टीबाट मुस्लिम समुदायको ताहिर अलीले संसदमा प्रतिनिधित्व गर्दै छन् । तीन दशकको जागिरे जीवन, समाजसेवा र राजनीतिमा सक्रिय रहँदै आएका रुपन्देहीको रोहिणी गाउँपालिका-३ का अलीलाई राप्रपाले समानुपातिकतर्फको मुस्लिम क्लस्टरबाट प्रतिनिधिसभा सदस्यमा पठाएको हो ।

धर्मका विषयमा अलीको सोच फराकिलो छ । उनी हिन्दु र मुस्लिमबीचको सम्बन्ध नङ र मासुजस्तो हुनुपर्ने बताउँछन् । हिन्दु राज्य र राजसंस्थाको पक्षपाती राप्रपाबाट समानुपातिक सांसद बनेका अली नेपालका राजाले नै मुस्लिमहरूलाई नेपालमा स्थापित गरेको बताउँछन् । भन्छन्, 'राजाले आफनो दरबारअगाडि मुस्लिमहरूको मस्जिद बनाइदिनुभएको छ, हामीलाई हिन्दु राज्य भयो भने कुनै आपत्ति हुँदैन ।'



हिन्दु राष्ट्र आयो भने मुसलमानलाई कुनै दुःख नहुने अलीको बुझाइ छ । मुस्लिमहरूले पनि हिन्दु राज्य चाहेको उनी बताउँछन् । राप्रपालाई मुस्लिम समुदायले सबैभन्दा बढी बुझेको दाबी गर्दै उनी भन्छन्, 'रुपन्देहीमा मुस्लिम समुदायले नै राप्रपालाई बढी भोट दिएको छ, 'ए हजुर ! सबैभन्दा बढी मुस्लिम समुदायले बुझेका छन्, यहाँ हिन्दु र मुस्लिम नङ र मासुजस्तो भएर बस्नुपर्छ ।'

राप्रपाका नेताहरूसँग उनको सम्बन्ध २०३८ सालदेखि जोडिएको हो । त्यसबेला उनको पञ्चायतका नेता दीपक बोहरासँग भेट भएको थियो । अली विद्यार्थी राजनीतिमा हुँदा बोहराका समर्थक थिए । उनले भने, '२०३८ सालमा म ११ वर्षको थिएँ, राम-नरेश आदर्श माध्यमिक विद्यालयमा पढ्दै थिएँ, त्यही समयमा नेता बोहरासँग भेट भएको थियो ।'

उमेरले ६३ वर्ष पुगेका अलीले पार्टीको केन्द्रीय सदस्य भएर काम गरिसकेका छन् । उनी पार्टीको लुम्बिनी प्रदेशका सहायक महामन्त्री पनि हुन् । 'राप्रपा सबैभन्दा जनताको पार्टी हो, यहाँ सबैको न्याय हुन्छ,' उनले भने, 'राष्ट्रियतासँग जोडिएको पार्टी हो, जनताको एउटा पार्टी हो ।'

देशमा ८५ प्रतिशत हिन्दु रहेकाले हिन्दु राज्य बनाउनुपर्ने उनको भनाइ छ । 'हिन्दु राज्य भयो भने मुस्लिम, इसाइ, सिख, बुद्धिष्ट सबैलाई मिलाएर लग्छन्,' उनले भने, 'पहिचानका लागि मात्र हिन्दु राष्ट्र राख्ने हो ।'

हिन्दु राष्ट्र राखे मात्रै देशमा सद्भाव कायम हुने उनको बुझाइ छ । 'नेपालमा धार्मिक सहिष्णुता तथा सामाजिक एकता हुनुपर्छ भन्ने भावनाले नै मुस्लिम परिवारमा जन्मे पनि हिन्दु धर्म कायम रहनुपर्छ भन्ने मान्यता राख्ने पार्टीमा आबद्ध छु,' उनले भने ।

संसदमा गएपछि पनि हिन्दु राष्ट्रको पक्षमा बोल्ने उनी बताउँछन् । 'हिन्दु-मुस्लिम सबै मिलेर बस्नुपर्छ,' उनले भने, 'गीता र कुरानको सार एउटै हो ।'

रुपन्देही जिल्ला किसानहरूको जिल्ला भएकाले संसदमा उनीहरूको मुद्दा उठाउने अलीको सोच छ । मल र उन्नत जातका बीउबिजनको सुपथ मूल्यका लागि पहल गर्ने उनी बताउँछन् । किसानले राम्रो उत्पादन गर्न सकून् र उनीहरूको उब्जनी खेर नजाओस् भन्नेमा अली सचेत छन् ।

हरेक गरिबका बच्चाले आफ्नै ठाउँमा बसेर डाक्टर, इन्जिनियर पढ्न पाउनुपर्ने उनको भनाइ छ । बिग्रेका सडक निर्माणका लागि पनि आफूले पहल गर्ने उनले बताए । पढाइ, दवाइ, कमाइ यी तीन चिज जनताले निर्विवाद रूपमा पाउनुपर्नेमा उनको जोड छ ।

### महान्यायाधिवक्ताको...

अधिवक्ता बद्रीबहादुर केसी सम्बन्धित एक फैसलामा सर्वोच्च अदालतले 'महान्याधिवक्तामा मुद्दा फिर्ता लिने अधिकार हुन्छ, तर भ्रष्टाचार गरे उनीविरुद्ध पनि मुद्दा लाग्छ' भन्ने फैसला गरेको थियो । पदको गरिमा जोगाउने महान्यायाधिवक्तामा उनी कृष्णप्रसाद घिमिरे, रमानन्द प्रसाद सिंह र शम्भुप्रसाद ज्ञवालीलाई सम्झिन्छन् ।

वरिष्ठ अधिवक्ता ठाकुरराम आचार्य महान्याधिवक्तासमक्ष मुद्दा फिर्ता लिन थुप्रै दबाब आउने गरेको बताउँछन् । 'जस्तो दबाब आए पनि न्याय र विवेकका आधारमा मुद्दा फिर्ता लिन मिल्ने/नमिल्ने विचार गरिनुपर्छ,' उनी भन्छन्, 'महान्याधिवक्ताहरूले पदबाट बाहिरिँदा राम्रो छवि छाड्न सक्नुपर्छ ।'

च ा ै त प ा ी ' विरोध हुँदासमेत आफूमाथि लागेका आरोप र विवादबारे प्रस्ट पार्न महान्यायाधिवक्ता भण्डारी चुकेको देखिन्छ । नेपालको संविधान, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, त्यसैको नियमावली, २०७५ तथा सरकारी वकिलसम्बन्धी नियमावली, २०७७ले महान्यायाधिवक्तालाई तीन मुख्य अधिकार दिएका छन् । संवैधानिक एवं कानुनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय सल्लाह प्रदान गर्ने । नेपाल सरकारको हक, हित र सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरूबाट नेपाल सरकारको प्रतिनिधित्व गर्ने ।

संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारीका समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार पनि महान्यायाधिवक्ताकै हुन्छ ।

### सविताको प्रस्टीकरण

डिम्ब तस्करीसम्बन्धी मुद्दामा बहिनीहरूलाई जे आरोप लगाइएको थियो त्यसमा न कानुनी रूपमा अभियोजन गर्न मिल्ने थियो न त सजाय नै । तर म संलग्न भएको भए मैले निर्णय गर्न मिल्ने थिएन । मैले निर्णय गरेको होइन, सदरमात्र गरेको हो ।

वर्ल्ड लिंकको करछली मुद्दामा पहिले कानुनले नै अनुमति दिएर उठाएको मर्मत शुल्कलाई पछि एक्कासि पाउदैनौ भनिएको रहेछ । त्यही आधारमा निर्णय गरिएको हो ।

रवि लामिछानेको मुद्दामा उनी थुनामा रहँदा नै पाँचवटै जिल्लाका पीडितले आफ्नो रकम फिर्ता पाउन निवेदन दिए, त्यसअनुसार जान सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दाले अप्ठ्यारो पर्ने भएकाले पीडितको पैसा फिर्ता दिलाउन गरिएको निर्णय हो । जुन जिल्ला र पुनरावेदनको तह हुँदै सहमहान्यायाधिवक्ताहरूबाट समेत राय लिएर संयुक्त रूपमा मुद्दा फिर्ता लिइन्छ । त्यो मेरो मात्र कुरा होइन ।

### उम्मेदवारको...

नबुझाए वा सार्वजनिक नगरे आयोगले निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३को दफा ३१ बमोजिम सम्बन्धित पार्टी र उम्मेदवारलाई कारबाही गर्न सक्दछ । बुझाएको विवरणमा समेत त्रुटि भए वा गलत विवरण रहेको पाइए कारबाहीको भागीदार हुनुपर्छ । निर्वाचन आयोगका सूचना अधिकारी घिमिरेका अनुसार प्रतिनिधिसभा सदस्यका उम्मेदवारले निर्वाचनमा गरेको खर्च र निर्वाचन आयोगमा बुझाएको विवरण भिडाएर हेरिनेछ । यसका लागि निर्वाचन आयोग र महालेखाको परीक्षकको कार्यालयले संयुक्त रूपमा काम गर्नेछन् ।

उनी भन्छन्, 'महालेखा परीक्षकको कार्यालयसँग मिलेर निर्वाचन आयोगले उम्मेदवारको चुनावी खर्च विवरण लेखा परीक्षण (अडिट) गर्दछ । जसअन्तर्गत उम्मेदवारको बैंक खाताबाट भएको कारोबार, सामाजिक सञ्जालमा गरेको खर्च र सार्वजनिक गरेको विवरण हेरिन्छ ।'

### सकिएन...

शिवकुमार श्रेष्ठले भने, 'फरेन्सिक रिपोर्ट आउन बाँकी रहेकाले केही ढिलाइ भएको छ ।' यद्यपि, अनुसन्धानको कुनै समयसीमा नहुने उनी बताउँछन् । अनुसन्धानमा कुनै कमी नराखी सूक्ष्म र वैज्ञानिक तरिकाले काम भइरहेको उनले जानकारी दिए ।

फागुन २३ गते इनिशा सामुदायिक जंगलमा मृत अवस्थामा भेटिएकी थिइन् । सुर्खेतको गुर्भाकोट-८ घर भएकी १६ वर्षीया इनिशा वीरेन्द्रनगरमा बस्दै आएकी थिइन् । उनको पोस्टमार्टम गरेको फरेन्सिक विशेषज्ञ डा. अर्विन शाक्यको टोलीले यौन सम्बन्धका लागि जबर्जस्ती गर्दा मृतकको संवेदनशील अंग च्यातिएको र अत्यधिक रक्तश्राव भई मृत्यु भएको हुनसक्ने रिपोर्ट दिएको छ । रिपोर्टको व्याख्यामा जेनाइटल पार्टहरू (यौनांगभित्रको हाइमनदेखि पाठेघरसम्म)मा चोट लागेका कारण अत्यधिक रक्तश्राव भएको उल्लेख छ ।

### कामदारलाई...

कतार प्रस्थान गर्न लागेका उनले भने, 'जे त होला भनेर जाँदै छु, यहाँ बसेर के गर्नु आम्दानी छैन ।'

युद्धको प्रभावलाई बेवास्ता गर्दै रोजागरमा जाने युवाहरूको बाध्यता छ भने विदेशमा भएका कहिले घर फर्किने भन्ने प्रतिक्षामा छन् । कतारको एक कम्पनीमा सेक्युरिटी गार्डमा कार्यरत सुरवीर लामाले घर फर्किने मन बनाएको थुप्रै भयो । तर फर्किने अवस्था नरहेको उनकी श्रीमती रुमा लामाले बताइन् । छोराछोरीसहित काठमाडौंमा बसेकी काभ्रेपलाञ्चोककी रुमा श्रीमान्लाई फर्किन आग्रह गरे पनि घरको स्थितिले गर्दा फर्किन नमानेको बताउँछिन् ।

रुमाका अनुसार दुई छोराछोरीको पढाइ खर्च र घर बनाउने सपनाले उनका श्रीमान् खाडीमा जोखिम मोलेरै भए पनि मजदुरी गरिरहेका छन् ।

साउदी अरबमा १२ वर्षदेखि मजदुरी गर्दै आएका विशाल गैरे सरकारले केही दिनदेखि रोकेको श्रम स्वीकृति खुलेकामा खुसी छन् । श्रम स्वीकृति रोकिँदा काम गर्न जान नपाइने हो कि भन्ने चिन्ताले सताएको उनले बताए । उनले भने, 'उता गए, ज्यानको डर यता बसे परिवार पाल्न नसकिने डर । गरिबलाई जतासुकै डरै डर छ ।'

यता नेपाल बिदामा आएका जोखिम मोलेरै भए पनि काममा फर्किन चाहन्छन् भने उता विदेशमा भएकाहरू आर्थिक मन्दी बढ्दै गएको र आफू सुरक्षित नभएको बताउँदै घर फर्किन चाहन्छन् । कुवेतको एक क्याफेमा वरिष्टाको कामदार रहेका विमल (नाम परिवर्तन) राई मिलेसम्म स्वदेश फर्किन चाहन्छन् । अहिले सबै सामान्य जस्तो देखिएपनि एरपोर्ट, तेल खानीतिर बम हान्दा आफूलाई जोखिमपूर्ण महसुस भएको उनी बताउँछन् । 'फर्किन पाएँ भने जागिरै छोडेर आउन तयार छु,' उनी भन्छन्, 'कम्पनीहरू बन्द हुँदै छन्, आर्थिक संकट देखिन थालेको छ ।'

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मध्यपूर्व (पश्चिम एसिया) युद्धको प्रभावका कारण सुरक्षालाई ध्यानमा राख्दै साउदी अरेबिया, युएई, कतार, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेबनान, टर्की र इजरायलसहितका देशमा श्रम स्वीकृति स्थगन गरेको थियो ।

श्रम स्वीकृति खुला भएपछि पुनः श्रम स्वीकृति लिनेको संख्या दैनिक एक हजारदेखि एक हजार १ सयसम्म रहेको वैदेशिक रोजगार विभागको श्रम स्वीकृति शाखाका निर्देशक खीलराज राईले जानकारी दिए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठका अनुसार रोजगारीमा जानु र सुरक्षित भएर बस्नु अहिले कामदारहरूका लागि चुनौती छ । उनका अनुसार नेपाल सरकारले यस्तो बेलामा सुरक्षाको केन्द्रलाई चनाखो गरी हेर्ने र नागरिकको काम गर्ने अधिकारको सुरक्षाका लागि सन्तुलित भएर दायित्व पूरा गर्नुपर्ने देखिन्छ ।

श्रमिकहरूको दबाबका कारण खुलाउँदै र वैदेशिक रोजगार विभागको मागअनुसार परराष्ट्र मन्त्रालयले चैत ३ गते सिफारिस गरेबमोजिम श्रम मन्त्रालयले स्थगन गरिएको श्रम स्वीकृति खुला गरेको हो ।

मन्त्रालयले स्थगन भएका मुलुकहरूमध्ये साउदी अरेबिया, युएई, कतार, ओमान, यमन, जोर्डन र टर्कीमा कार्यरत नेपाली श्रमिकलाई र बिदामा नेपाल आएर पुनः ती देशहरूमा रोजगारीका लागि फिर्ता हुन चाहने नेपाली श्रमिकलाई पुनः श्रम स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।

यद्यपि सरकारले इरान, इजरायल, बहराइन, कुवेत, इराक र लेबनानका लागि भने श्रम स्वीकृति स्थगन रहेको जनाएको छ । मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेका अनुसार बिदामा घर आएका र रोजगारमा पुनः जान चाहने नेपाली कामदारका लागि भनेर निश्चित देशमा श्रम स्वीकृति दिइएको छ । घर फर्किन चाहनेसँगै श्रम गर्न पुनः विदेश जाने नेपालीको भावना सम्बोधन गर्न आवश्यक देखिएको उनले सुनाए ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले छुट्टीमा विदेशबाट घर आएका नेपाली कामदारले समयमा जान नसेकमा रोजगार गुम्ने हुँदा उनीहरूलाई मात्रै पुनः श्रम स्वीकृति दिने निर्णय गरिएको बताए । परराष्ट्र मन्त्रालयको तथ्यांकअनुसार १७ लाख २९ हजार नेपाली खाडी मुलुकमा श्रमिक छन् ।

### सहकर्मीको...

हिरासतमा राख्न आदेश दिएका हुन् । आरोप पुष्टि भएमा उनलाई मृत्युदण्ड वा ३० देखि ४० वर्षको जेल सजाय हुनेछ । पीडित र अभियुक्त दुवै जनाले हाँस प्रशोधन कारखानामा काम गर्दै आएका थिए । उनीहरूबीच होस्टेलमा झगडा भएको बताइएको छ ।

प्रहरीले आक्रमणमा प्रयोग भएको छुरीसमेत बरामद गरेको छ । पीडितको करङमा छुरा प्रहार गरिएको पोस्टमार्टमबाट देखिएको स्थानीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।


## राहदानी हराएको सूचना

मिति २०८२।११।२६ गते काठमाडौंको बसुन्धरा क्षेत्रमा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावहरूले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम: KRISHNA BARALI
पूरानो राहदानी नं.: 07340023
ठेगाना: Buddhanagar, Bharatpur Metropolitan City 27, Chitwan
सम्पर्क: 9849276707

## काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धी २१ दिने सूचना

पहिलो पटक प्रकाशित मिति २०८२/१२/१० गते

सुर्खेत जिल्लाको पन्चपुरी नगरपालिका वडा नं. ७ मा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आर्थिक वर्ष २०८२/२०८३ मा संकलन भएर सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा घाटगद्दी गरी राखिएको सल्लो ३३५ थान गोलिया ५०३७.०३ क्युफिट, जम्मा ३३५ थान गोलिया ५०३७.०३ क्यु फिट काठ दाउरा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

श्री मालिका सामुदायिक वन उपभोक्ता समूह पन्चपुरी नगरपालिका वडा-७, सुर्खेत

## नाम परिवर्तन भएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/१२/१०

श्री नेपालय एजुकेशन कन्सल्टेन्सी (दर्ता नं. १५९३९८), काठमाडौं महानगरपालिका, काठमाडौं (प्यान नं. ६०४३६०७९५) को मिति २०८२-१२-०३ मा सम्पन्न साधारण/विशेष साधारण सभाको निर्णय अनुसार कम्पनीको नाम साविक "कोकाटु इन्टरनेशनल एजुकेशन" बाट परिवर्तन गरी **"नेपालय एजुकेशन कन्सल्टेन्सी"** कायम गरिएको तथा सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा नाम परिवर्तन गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

## युरोप देश साइप्रसमा वैदेशिक रोजगारको सुनौलो अवसर

कम्पनी: D.I. MAIN-LINE JOB AGENCY — शहर: LIMASSOL

पूर्व स्वीकृत मिति: २०८२/१०/०९ | चलानी नं.: ६०२५११४६ | LT. No.: 337749 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Marchendiser | 10 | 0 | सम्बन्धित काममा दक्ष | 750 | १,२९,८६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Salesboy | 10 | 0 | | 700 | १,२१,२०५ | | | | | | | |

पूर्व स्वीकृत मिति: २०८२/०८/२४ | चलानी नं.: ६०२४८६९६ | LT. No.: 335057 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ward Assistant | 10 | 10 | स. काममा दक्ष | 850 | १,४७,१७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

पूर्व स्वीकृत मिति: २०८२/१०/०९ | चलानी नं.: ६०२५११४८ | LT. No.: 337747 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook A. | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | १,७३,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook B | 10 | 0 | | 900 | १,५५,८३५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत १७ गते (31 March 2026) मा हुनेछ ।
अन्तर्वार्ता शाखा मेनपावर कार्यालय पोखरा, कास्कीमा २०८२ चैत १७ गते (31 March 2026) मा हुनेछ ।
अन्तर्वार्ता शाखा मेनपावर कार्यालय बुटवलमा २०८२ चैत १७ गते (31 March 2026) मा हुनेछ ।

यसै कम्पनीबाट Overseas Experience भएको Salesgirl/Salesboy हरुको थुप्रै मागहरु आएको हुनाले इच्छुक Candidates हरुले हामीलाई सम्पर्क गर्नुहोला ।

Note : साथै, Langtang Overseas ले आफ्नै Langtang Skills Academy मार्फत Waiter, Barista, Bartender, Housekeeping, Cleaning तथा Sales का लागि Training, English Communication Training र Interview Preparation Class को सुविधा पनि प्रदान गर्दै आएको छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. ४०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No.:1643/080/081

LANGTANG OVERSEAS PVT.LTD.
Basundhara-3, Kathmandu, Nepal, 015903078, 014971229, 015903079,9707312439, 9851354196, 980-2370863
Pokhara Branch : 061-570074,061-5700759810124144,9856076803,9705699786,9801339551
Butwal Branch : 071-531697, 9705632599

## शून्य लागत अन्तर्गत मलेसियामा रोजगारी
## EMPLOYMENT IN MALAYSIA UNDER ZERO COST

शून्य लागत भर्ती: यो भर्ती शून्य लागत नीति अन्तर्गत सञ्चालन भइरहेको छ । भर्ती सम्बन्धी सबै खर्चहरू–पासपोर्ट, फोटो, मेडिकल जाँच, यातायात, खान र बस्न, भिसा, अभिमुखीकरण, बीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष, श्रम स्वीकृति, हवाई टिकट र टाइटानिकको सेवा शुल्क–पूर्ण रूपमा रोजगारदाताले वहन गर्नेछ । उम्मेदवारहरूले कम्पनीको भर्ती प्रक्रिया वा नियुक्तिपछि कुनै पनि चरणमा शुल्क वा भुक्तानी तिर्नुपर्ने छैन ।

Zero Cost Recruitment: This recruitment is conducted under a zero-cost recruitment policy. All recruitment-related expenses, including passport, photo, medical screening, transportation, lodging and food, visa, orientation, insurance, welfare fund,social security fund, labour approval, air ticket and Titanic's service charge, will be fully borne by the employer. Candidates are not required to pay any fees at any stage of the recruitment process or after placement.

RAMATEX GROUP

रोजगारदाता कम्पनी - ब्लुबेरी ईन्डस्ट्रिज एसडिएन. बिएचडी.
Employer Company - Blueberry Industries Sdn. Bhd.
ठेगाना - जोहोर, मलेसिया
Address - Johor, Malaysia
फोन - +६०७ ४५६ ८१८१, Phone - +607 456 8181

कम्पनीको बारेमा - ब्लुबेरी ईन्डस्ट्रिज एसडीएन. बिएचडी., मलेसियामा आधारित एक गार्मेन्ट उत्पादन गर्ने कम्पनी हो । यस कम्पनीले अन्तर्राष्ट्रिय खरिदकर्ताहरूका लागि उच्च गुणस्तरको मापदण्ड र दक्ष उत्पादन प्रक्रियामा ध्यान केन्द्रित गर्दै विभिन्न प्रकारका गार्मेन्ट र पहिरनहरू उत्पादन गर्दछ ।

About Company - Blueberry Industries Sdn. Bhd. is a Malaysia-based garment manufacturing company. The company produces a wide range of garments and apparel products, focusing on high-quality standards and efficient production processes for international buyers.

| पूर्व स्वीकृत मिति - २०८२/१२/०३ Pre-approval Date - 2026/03/17 | लट नम्बर - ३४००५१ LT No. - 340051 | चलानी नम्बर - ६०२५३५०३ Invoice No. - 60253503 |
|---|---|---|

| कामदारको पद Worker's Position | माग संख्या No. of Demand पुरुष Male | माग संख्या महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary आर एम RM | मासिक तलब ने. रु. NRP | ओभरटाईम Overtime | प्रतिदिन काम गर्ने घण्टा Working Hours/Day | हप्तामा काम गर्ने दिन Working Days/Week | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomm-odation Facility | करार अवधी Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| औद्योगिक कामदार Factory Worker | ५९ 59 | ० 0 | सम्बन्धित काममा दक्ष Skilled at related work | १७०० 1700 | ६२,९०० 62,900 | कम्पनीको नियम अनुसार As Per Company Rule | ९ घण्टा 9 Hours | ५ दिन 5 Days | छैन No | छ Yes | २ वर्ष 2 years |

| पासपोर्ट खर्च Passport Expenses | मेडिकल जाँच शुल्क Medical Examination Fee | भिसा शुल्क Visa Fee | फाइनल अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खान र बस्नको खर्च Transport, Food & Lodging Expenses During Final Interview & Before Departure | अभिमुखीकरण Orientation | नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia | कल्याणकारी कोष Welfare Fund | सामाजिक सुरक्षा कोष Social Security Fund | हवाई टिकट खर्च Air Ticket Expenses | संस्थाको सेवा शुल्क Agency Service Charge |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्योहोर्ने By the employer | रोजगारदाताले व्योहोर्ने By the employer | रोजगारदाताले व्योहोर्ने By the employer | रोजगारदाताले व्योहोर्ने By the employer | रोजगारदाताले व्योहोर्ने By the employer | रोजगारदाताले व्योहोर्ने By the employer | रोजगारदाताले व्योहोर्ने By the employer | रोजगारदाताले व्योहोर्ने By the employer | रोजगारदाताले व्योहोर्ने By the employer | रोजगारदाताले व्योहोर्ने By the employer |

नोट Note :
सम्बन्धित क्षेत्रमा अनुभवी - सिलाई मेसिन अपरेटर
Experienced on Related Field - Sewing machine operator

### महत्वपूर्ण जानकारी Important Information

- आवेदकहरूको उमेर १८ बर्ष देखि ४५ बर्षको बिचमा हुनु पर्नेछ । इच्छुक आवेदकहरूहरूलाई उमेर प्रमाणिकरणको लागि नेपाल सरकारबाट जारी फोटो सहितको कम्तिमा दुईवटा परिचय पत्र साथमा लिएर उपस्थित हुन अनुरोध गर्दछौं । Applicants must be between 18 and 45 years of age. Interested applicants are requested to bring at least two photo IDs issued by the Government of Nepal for age verification.
- कामको क्षेत्र/प्रकृति: औद्योगिक कामदार / ब्लुबेरी इन्डस्ट्रिजले विश्वव्यापी खरिदकर्ताहरूका लागि तयारी पोसाक, क्याजुअल पहिरन, खेलकुदका लुगाहरू (sportswear) र फेशनका पहिरनहरू उत्पादन गर्दछ । Scope / Nature of Job: Factory Worker / Blueberry Industries produces ready-made garments, casual wear, sportswear, and fashion apparel for global buyers.
- बिदाको हक: Leave Entitlement:

| सेवाको अवधि Year of Service | बार्षिक बिदा Annual Leave | बिरामी बिदा (प्रत्येक पात्रो वर्ष) Sick Leave (Each calendar Year) | सार्वजनिक बिदा Public Holiday | अस्पताल भर्ना बिदा Hospitalization Leave |
|---|---|---|---|---|
| २ वर्ष भन्दा कम Less than 2 Years | ८ दिन 8 days | १४ दिन / 14 Days | ११ दिन प्रत्येक पात्रो वर्ष (मलेसियाको श्रम ऐन अनुसार) / 11 Days each calendar year (In accordance with the labour laws in Malaysia) | ६० दिन (प्रत्येक पात्रो वर्ष) / 60 Days (In each calendar year) |
| २-५ वर्ष 2-5 Years | १२ दिन 12 days | १८ दिन / 18 Days | | |
| ५ वर्ष भन्दा बढी More than 5 years | १६ दिन 16 Days | २२ दिन / 22 Days | | |

- प्रत्येक कामदारलाई हप्तामा एक दिन अनिवार्य बिदा उपलब्ध गराइन्छ, र ओभरटाइम सहितको कुल कार्य घण्टा, कानुनले अनुमति दिएको आपतकालीन अवस्था बाहेक, ६० घण्टा भन्दा नबढ्ने व्यवस्था गरिएको छ । Workers are entitled to one compulsory rest day per week, and total working hours, including overtime will not exceed 60 hours, except in emergencies permitted by law.
- नेपालमा हस्ताक्षर गरिएको रोजगार सम्झौता कामदारको हित तथा सुविधामा सुधार हुने अवस्थामा बाहेक कामदार गन्तव्य देशमा पुगेपछि पनि परिवर्तन हुने छैन । The employment contract signed in Nepal shall remain unchanged after the worker's arrival in the destination country, except where amendments are made solely for the worker's betterment.
- आवेदकहरुले कानुनले तोकेको अवस्थामा भन्दा बाहेक आफ्नो व्यक्तिगत पहिचान सम्बन्धी कागजात टाइटानिक वा अन्य कुनै पनि व्यक्ति/संस्थामा जम्मा गर्नु पर्ने छैन । Applicants are not required to deposit their personal identity documents to Titanic or anyone else unless required by law.
- कामदारहरूलाई स्वतन्त्र रुपमा संगठित हुने र सामुहिक हकहितका लागि कानुनले अनुमति दिए बमोजिम भेला हुने अधिकार छ । Workers have the right to freely associate and bargain collectively, where permitted by law.
- कानूनले तोकेको बाहेक कामदारको जागिर नियुक्ति पछि तलबमा कुनै कटौती हुने छैन । No deductions will be made from the worker's salary after placement, except as required by law.
- करार अवधि समाप्ती पश्चात वा उचित अवधिको सूचना दिइ करार अगावै रोजगारी समाप्त गरेमा स्वदेश फिर्ता हुँदा बसोबास भएको स्थान सम्म लाग्ने यातायात तथा निर्बाह खर्च (खाना र बस्न समेत) रोजगारदाताले बहन गर्नेछ । Upon completion of the employment contract, or in case of early termination with adequate notice, return transportation to the worker's habitual residence, including in-transit lodging, will be provided by the employer.
- यस रोजगारीको अवसर प्राप्त गर्नको लागि आवेदक वा आवेदकको परिवारका सदस्य वा अन्य कसैले टाइटानिक म्यानपावर सप्लायर प्रा. लि., यसका कर्मचारी वा अन्य कुनै व्यक्ति र संस्थालाई कुनै नगद रकम वा अन्य कुनै मुल्यवान वस्तुहरू जस्तै सुन, गरगहना, मोबाइल, घडी साथै पशुधन तथा कुनै पनि किसिमको उपहार आदि दिन निषेध गरिएको छ । To secure this employment opportunity, applicants or their family members are prohibited from paying any cash or providing valuable items, including gold, jewellery, mobiles, watches, livestock, or gifts, to Titanic Manpower Supplier Pvt. Ltd., its employees, or any other person or organization.
- यदि कामदारद्वारा भर्ती प्रक्रियाको क्रममा कुनै रकम खर्च गरिएको छ भने, रोजगारदाताको तर्फबाट टाइटानिकले प्रस्थान अघि पूर्ण रूपमा फिर्ता गर्नेछ । If a worker incurs any recruitment-related expenses, Titanic will reimburse the full amount on behalf of the employer, before departure.
- यस भर्तीको लागि कुनै धितो, निक्षेप, ऋणपत्र तथा बचत कार्यक्रमहरूमा सहभागी हुन यस संस्थाले अनुमति दिने वा स्वीकार गर्ने छैन । This organization does not allow or permit any kind of bonds, deposits, or savings programs in this recruitment process.
- यस संस्थाको कुनै पनि शाखा कार्यालय र जिल्ला प्रतिनिधिको कार्यालय नभएको स्पष्ट पार्न चाहन्छौं । तसर्थ इच्छुक आवेदकहरूलाई कुनै पनि एजेन्ट र बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधैं सम्पर्क गर्न अनुरोध गर्दछौं । We notify that this organization does not have any branch office & district representative office. Interested applicants are requested to contact our office directly without using any agent / middleman.
- रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि यस संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ जहाँ आवेदकहरूलाई कामको प्रकृति, ज्याला र लाभहरू तथा काम सम्बन्धी सम्पूर्ण विवरणहरूको बारेमा जानकारी दिइन्छ । Any applicant willing to apply for this job must attend a pre-recruitment orientation to receive information including but not limited to the nature of job, wages, benefit, and other relevant details before submitting the application.
- भर्ती प्रक्रियामा सम्पूर्ण आवेदकलाई रोजगार छनोट गर्न पूर्ण स्वतन्त्रता प्रदान गरिएको छ । तसर्थ सम्पूर्ण इच्छुक आवेदकहरूले कहीं कसैबाट जबरजस्ती, बाध्यता वा धम्कीमा नपरी आफ्नै स्वेच्छामा आवेदन दिन सक्नु हुनेछ । All applicants have the freedom to choose employment and can apply voluntarily without being forced, compelled or threatened by anyone.
- टाइटानिक रोजगारीको समान अवसर सिद्धान्तमा प्रतिबद्ध छ । यस संस्थाको नीतिले कुनै पनि उमेर, लिङ्ग, जाति, धर्म, राजनैतिक आवद्धता, भौगोलिक स्थान, फरक योग्यता, चिकित्सकिय इतिहास, वैवाहिक स्थिति वा अन्य कुनै कुरालाई आधार नबनाई सबैलाई समान अवसर प्रदान गर्दछ । आवेदकहरूलाई व्यक्तिगत विशेषताहरूको सट्टा उनीहरूको सीप, क्षमता र योग्यताको आधारमा मात्र रोजगारीका लागि छनोट गरिन्छ । TITANIC is committed to the principles of equal employment opportunity for all, regardless of age, gender, race, religion, politcal affiliation, geographical location, different ability, medical history, marital status or any other basis. The applicants are selected for the employment solely based on their skills, abilities and qualifications rather than personal characterisctics.

टाइटानिकको गुनासो दर्ता माध्यम / Titanic Grievance Reporting Channel
यदि तपाईंसँग कुनै गुनासो वा सुझाव छ भने, तल उल्लेखित सम्पर्क माध्यम मार्फत हामीलाई जानकारी गराउनु हुन अनुरोध गर्दछौं । तपाईंले प्रदान गर्ने सबै जानकारी र पहिचान पूर्ण रूपमा गोप्य राखिनेछ, र आवश्यक कदमहरू तुरुन्तै चालिनेछन् । If you have any grievances or feedback, please reach out to us using the contact details provided below. All information and identities will be kept strictly confidential, and necessary actions will be taken promptly.
+९७७-९८०१००४३४५ / +977-9801004345 grievance@titanicmanpower.com

रोजगारदाताको गुनासो दर्ता माध्यम / Employer Grievance Reporting Channel
यदि तपाईंसाग कुनै गुनासो, चासो वा प्रतिक्रिया छ भने, कृपया सागै दिइएको QR कोड स्क्यान गरेर हामीलाई सम्पर्क गर्नुहोस्। तपाईंको परिचय लगायत पेश गरिएका सबै जानकारीहरू पूर्ण रूपमा गोप्य राखिनेछ । If you have any grievances, concerns, or feedback, please contact us by scanning the QR code provided alongside. All information submitted, including your identity, will be treated with strict confidentiality.

प्रि-अन्तर्वार्ता टाइटानिक कार्यालय परिसर, बसुन्धारा - ०३, काठमाडौंमा २०८२ चैत १५ गते हुनेछ।
Pre Interview will be held on 29 March 2026 at TITANIC office, Basundhara - 03, Kathmandu.
फाइनल अन्तर्वार्ता टाइटानिक कार्यालय परिसर, बसुन्धारा - ०३, काठमाडौंमा २०८२ चैत १८ गते हुनेछ।
Final Interview will be held on 1 April 2026 at TITANIC office, Basundhara - 03, Kathmandu.

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:- १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला । Information provided by the Department of Foreign Employment (DOFE):- 1. Confirm that visa is issued under your name 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4. Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6. While going abroad use International Airport of Nepal or else you might be deceived 7. If you want to know more details regarding this advertisement. Please contact Department of Foreign Employment (DOFE), Tahachal.

TITANIC Ethical Recruitment Agency Since 2002 — Celebrating 24 years — TFHI - OTL Certified Recruitment Agency — ISO 9001:2015 Certified Recruitment Agency

टाइटानिक म्यानपावर सप्लायर प्रा . लि. (Titanic Manpower Supplier Pvt. Ltd.)
इजाजतपत्र नं: २८५/०५८/०५९ (Licence No. 285/058/059)
बसुन्धारा चौकी, काठमाडौं, नेपाल (Basundhara Chauki, Kathmandu, Nepal)
+९७७-१-४९५३२५२, ४९६४६५९ (+977-1-4953252, 4964659)
www.titanicmanpower.com recruitment@titanicmanpower.com
Titanic Manpower Supplier www.tiktok.com/@titanic.manpower
"An Ethical Recruitment Agency Where Integrity Matters"

# सुशासनको मोडालिटी तयार पार्दै रास्वपा





प्रशासन सुधार र भ्रष्टाचार नियन्त्रण गर्दै मुलुकलाई सुशासनको बाटोमा डोऱ्याउने सन्दर्भमा विज्ञहरूको टोलीले आन्तरिक रूपमा काम गरिरहेको छ ।

■ **कवीन्द्र बुर्लाकोटी**
महामन्त्री, रास्वपा



हाम्रोजस्तो सानो मुलुकमा काम गर्न ठूलो संरचना नै चाहिँदैन । संवैधानिक निकायलाई अधिकारसम्पन्न बनाए त्यही संस्थाले काम गरिहाल्छ ।

■ **उमेश मैनाली**
पूर्वसचिव

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ९ चैत

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)को नेतृत्वमा बन्ने सरकारप्रति नागरिकको अपेक्षा थुप्रै छन् । तीमध्ये भ्रष्टाचार नियन्त्रण र सुशासन कामय गर्ने पहिलो अपेक्षा हो । १३ चैतमा बन्ने नयाँ सरकारले आमनागरिकको अपेक्षाअनुसार सुशासनको कामलाई प्राथमिकता दिनेगरी आन्तरिक रूपमा काम गरिरहेको दाबी गरेको छ ।

नयाँ सरकार बनाउनुअघि रास्वपाले निर्वाचनपूर्व वाचापत्रमा उल्लेख गरेअनुसार मन्त्रालयका संख्या घटाउने र जेनजी आन्दोलनको भावनाअनुसार भ्रष्टाचार नियन्त्रणका लागि शक्तिशाली आयोग गठन गर्ने विषयमा व्यापक छलफल भइरहेको नेताहरूले बताएका छन् । सोहीअनुसार रास्वपा मिल्दाजुल्दा विषयगत मन्त्रालय गाभेर बढीमा १८ वटा बनाउने तयारीमा छ । सुशासन विज्ञहरूले १५ वटा मात्रै मन्त्रालय बनाएर जान सुझाव दिएका छन् । तर, नेता व्यवस्थापनका हिसाबले पनि १८ सम्म बनाउन सकिने रास्वपाका नेताहरू बताउँछन् ।

वाचापत्रमा भएका कुराहरू कसरी कार्यान्वयनमा लैजान सकिन्छ भन्ने विषयमा सभापति रवि लामिछाने, वरिष्ठ नेता बालेन्द्र शाह, उपसभापतिहरू डिपी अर्याल, डा.स्वर्णिम वाग्लेलगायत नेताहरूबीच छलफल जारी छ । तर, पहिलो चरणमा सरकार गठनमै नेताहरू केन्द्रित रहेकाले सरकार बनेलगत्तै कामले गति लिनेगरी आन्तरिक तयारी भइरहेको महामन्त्री कवीन्द्र बुर्लाकोटीले बताए । '१३ गते प्रधानमन्त्रीसहित सरकारका सबैमन्त्रीले शपथ लिने तयारी छ,' उनले भने, 'प्रशासन सुधार र भ्रष्टाचार नियन्त्रण गर्दै मुलुकलाई सुशासनको बाटोमा डोऱ्याउने सन्दर्भमा विज्ञहरूको टोलीले आन्तरिक रूपमा काम गरिरहेको छ । उक्त प्रतिवेदन पार्टीमा टेबुल भएपछि त्यसलाई अध्ययन गरेर अघि बढ्छौं ।'

सरकार गठनकै दिन मन्त्रालय घटाएर सुशासनको सुरुआत गर्ने रास्वपाको लक्ष्य रहेको उनको दाबी छ । चुनावी वाचापत्रमा उल्लेख गरेको मन्त्रालय संख्या घटाउने योजनालाई सरकार गठनमै कार्यान्वयन गरेर जाने तयारी भएको बुर्लाकोटीले बताए । विज्ञ समूहबाट भइरहेको कामलाई अहिले पार्टीले हस्तक्षेप नगरेको र सो समूहमा रहेका विज्ञहरूको नामसमेत सार्वजनिक नगर्ने नेताहरूले बताएका छन् । यसअघि पनि कैयौं सरकारले प्रशासन सुधारसम्बन्धी विभिन्न आयोग बनाएर सुझाव मागेका थिए । यद्यपि उक्त सुझावअनुसार सरकारले कुनै पनि काम नगर्दा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न नसकेको सुशासनविद् काशीराज दाहाल बताउँछन् ।

निजामती सेवा सुधार गर्न २००७मा प्रजातन्त्र प्राप्तिपछि २००९मा भारतीय नागरिक एनएम बुचको अध्यक्षतामा पहिलो कार्यदल गठन भएको इतिहास छ । वैधानिक रूपमा प्रशासन व्यवस्थापनमा समसामयिक सुधारका लागि गठन गरिएको यो नै पहिलो कार्यटोली मानिन्छ । यसपश्चात् २०१३मा तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यको अध्यक्षतामा प्रशासकीय पुनर्गठन योजना आयोग गठन भई सोको सिफारिसमा सर्वप्रथम 'निजामती सेवा ऐन २०१३' र नियमावली २०२१ तर्जुमा गरी कार्यान्वयन गरिएको थियो । यसबीचमा २०२० सालमा विश्वबन्धु थापाको अध्यक्षतामा प्रशासन शक्ति विकेन्द्रीकरण आयोग गठन भएको तथ्यांक सामान्य प्रशासन मन्त्रालयले राखेको छ ।

२०२५ वैशाख १ गते वेदानन्द झाको अध्यक्षतामा र २०३२ सालमा डा. भेषबहादुर थापाको अध्यक्षतामा प्रशासन सुधार आयोग गठन भई निजामती सेवा सुधारको प्रयास भएको मन्त्रालयका सूचना अधिकारी विवेक घिमिरेले जानकारी दिए । २०४६को राजनीतिक परिवर्तनपछि २०४८मा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा निजामती प्रशासनको समसामयिक सुधारका लागि उच्चस्तरीय प्रशासन सुधार आयोग गठन भएको थियो । यसपश्चात् २०६२/०६३को राजनीतिक परिवर्तनपछि तत्कालीन सामान्य प्रशासनमन्त्रीको अध्यक्षतामा २०६५मा प्रशासन पुन:संरचना आयोग गठन भएको थियो । यद्यपि यी सबै संरचनाले काम गर्न सकेनन् । 'प्रशासनिक सुधारमा काम नभएपछि मुलुकमा भ्रष्टाचारको जरो थप बलियो बन्दै गएको हो,' सुशासनविद् दाहालले मध्यान्हसँग भने, 'अनावश्यक मन्त्रालय र कार्यालय थपेर राजनीतिक भर्तीकेन्द्र बनाउँदा खर्चले धान्न नसकेको र भ्रष्टाचारसमेत बढेको हो ।'

सुशासन कायम होस् र भ्रष्टाचारीमाथि कारबाही होस् भनेर मुहान नै सुधार गर्नका लागि यो निर्वाचनमा नागरिकले रास्वपालाई करिब दुईतिहाइ बहुमत दिएर पठाएको उनको भनाइ छ । अब बन्ने सरकारले जनादेशअनुसार काम गर्न मन्त्रालयलगायत अनावश्यक सरकारी संरचना घटाउने र सेवाप्रवाहलाई समेत प्रविधिमैत्री बनाएर नागरिकलाई सहज र सरल सेवा दिन सक्नुपर्ने उनको सुझाव छ । 'अनावश्यक खर्च घटाउन मन्त्रालय र विभिन्न आयोगहरू, संस्थानलगायत संरचनामा व्यापक कटौती गर्नैपर्छ,' उनले मध्यान्हसँग भने, 'सेवाप्रवाहलाई प्रविधिमैत्री बनाउने विषयमा पनि आगामी सरकारले योजना बनाउनुपर्छ । यसले सुशासन र पारदर्शीता कायम गर्ने कुरामा सहयोग पुऱ्याउँछ ।'

मिल्दो प्रकृतिका मन्त्रालयहरू गाभ्ने र सरकारमा जाने मन्त्रीले जनताका पक्षमा काम गर्ने, प्रशासनिक संरचनालाई चुस्त बनाउने, अनावश्यक संस्थान तथा आयोगहरू हटाउनेलगायत विषयमा रास्वपा सरकारले काम गर्नुपर्नेछ । त्यस्तै, भ्रष्टाचार निवारणका लागि संवैधानिक रूपमा गठन गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण विभागसहित राज्यका निकायलाई अधिकारसम्पन्न बनाउनुपर्ने सुझाव विज्ञहरूले दिएका छन् ।

'अख्तियारलाई अधिकारसम्पन्न गराउनुपऱ्यो,' पूर्वसचिव उमेश मैनालीले भने, 'हाम्रोजस्तो सानो मुलुकमा काम गर्न ठूलो संरचना नै चाहिँदैन, अधिकारसम्पन्न भए त्यही संस्थाले काम गरिहाल्छ ।' आगामी बन्ने शक्तिशाली सरकारले संरचनागत सुधार गरेर सरकारी संयन्त्रलाई नै प्रभावकारी बनाउनेगरी काम गर्नुपर्ने उनको सुझाव छ । २०४८ सालमा प्रधानमन्त्रीको अध्यक्षतामा प्रशासन सुधार उच्च आयोग बनाउँदा मन्त्रालयको संख्या कसैले १५, कसैले १७, कसैले १८ वटा राख्न सुझाव दिएको उनले स्मरण गराएका छन् । नेपाल संघीय स्वरूपमा भएकाले संघको काम घट्छ, तर विभिन्न मन्त्रीहरूलाई 'एडजस्ट' गर्न र विभिन्न व्यक्तिगत स्वार्थका आधारमा मन्त्रालयहरू फोर्दै बढाउँदै गएकाले मन्त्रालयको संख्या १५ सम्म झार्दा फरक नपर्ने उनको भनाइ छ ।

## विष्णु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

सिमरा, सर्लाही
मधेश प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८२/१२/१०**

Constructions of School Building (Janata Tej Narayan Dayawati Ma.Vi., Ma.Vi. Madhuwan, Prathamik bidhyalay Baraudhoran) र Bridhashram Bhawan Nirman ko Apug thap bhawan tatha Compoundwall Nirman को लागि मिति २०८२/१०/११ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका तथा Simara Khatwetole Chowk (Bishnu ga.pa. 6) dekhi Madhyamik Bidhyalay Madhuwan (Bishnu ga.pa. 3) samma ko sadak kalopatre को मिति २०८२/१०/१४ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका एवं www.bolpatra.gov.np/egp मा समेत प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रितपूर्वक विधुतीय प्रणाली (e-Bid) को माध्यमबाट दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमका बोलपत्रदाको प्राविधिक प्रस्तावहरु सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ज को उपनियम (४) अनुसार सारभूत रुपमा प्रभावग्राही भई मिति २०८२/१२/०९ गतेको निर्णय बमोजिम छनौट भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ (बाह्रौ संशोधन) को नियम ३१ ज को उपनियम (५) अनुसार मिति २०८२/१२/१७ गते आर्थिक प्रस्ताव खोलिने भएकाले सम्बन्धित सबै को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | आयोजनाको विवरण | प्राविधिक परीक्षणमा सफल बोलपत्रदाताहरु | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान |
|---|---|---|---|---|
| 1 | NCB/BRM/ WORKS/01/2082/083 | Constructions of School Building (Janata Tej Narayan Dayawati Ma.Vi., Ma.Vi. Madhuwan, Prathamik bidhyalay Baraudhoran) | 1. Krishna Laxmi Nirman Sewa, Kanpur, 1 kavre<br>2. Bhupendra Construction, Kalaiya-6, Bara<br>3. Uday-Shrestha-Saavi JV, Tarkeshwor, Kathmandu<br>4. Santosh- Kaya-Akash JV, Malangwa 11, Sarlahi<br>5. Ecovus-Mahadev JV, barahathawa 2, Sarlahi | **मिति** :-२०८२/१२/१७<br>**समय** :- ११:३० बजे<br>**स्थान** :- विष्णु गाउँ कार्यपालिकाको कार्यालय, सिमरा, सर्लाही । |
| 2 | NCB/BRM/ WORKS/02/2082/083 | Bridhashram Bhawan Nirman ko Apug thap bhawan tatha Compoundwall Nirman | 1. S.B./Ishanvi JV, Kathmandu<br>2. Kaya-Akash JV, Malangwa 11, Sarlahi<br>3. Mahadev- Rosan JV, Barahathawa 2, Sarlahi<br>4. Prime Company Pvt Ltd, Tarkeshwor, Kathmandu<br>5. Siraichuli-Uday JV, Bharatpur, Chitwan | |
| 3 | NCB/BRM/ WORKS/03/2082/083 | Simara Khatwetole Chowk (Bishnu ga.pa. 6) dekhi Madhyamik Bidhyalay Madhuwan (Bishnu ga.pa. 3) samma ko sadak kalopatre | 1. Acharya-Mahadev JV, Barahathawa 2, Sarlahi<br>2. TPL-Rambole JV, Parsa-4, Sarlahi | |

**प्रमुख प्रशासकीय अधिकृत**


# शून्य लागत अन्तर्गत मलेसियामा रोजगारी
# EMPLOYMENT IN MALAYSIA UNDER ZERO COST

**शून्य लागत भर्तीः** यो भर्ती शून्य लागत नीति अन्तर्गत सञ्चालन भइरहेको छ । भर्ती सम्बन्धी सबै खर्चहरू–पासपोर्ट, फोटो, मेडिकल जाँच, यातायात, खान र बस्न, भिसा, अभिमुखीकरण, बीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष, श्रम स्वीकृति, हवाई टिकट र टाइटानिकको सेवा शुल्क–पूर्ण रूपमा रोजगारदाताले वहन गर्नेछ । उम्मेदवारहरूले कम्पनीको भर्ती प्रक्रिया वा नियुक्तिपछि कुनै पनि चरणमा शुल्क वा भुक्तानी तिर्नुपर्ने छैन ।
**Zero Cost Recruitment:** This recruitment is conducted under a zero-cost recruitment policy. All recruitment-related expenses, including passport, photo, medical screening, transportation, lodging and food, visa, orientation, insurance, welfare fund,social security fund, labour approval, air ticket and Titanic's service charge, will be fully borne by the employer. Candidates are not required to pay any fees at any stage of the recruitment process or after placement.

RAMATEX GROUP

रोजगारदाता कम्पनी - सङ लिन गार्मेन्ट एसडिएन. बिएचडी.
Employer Company - Song Lin Garment Sdn. Bhd.
ठेगाना - जोहोर, मलेसिया
Address - Johor, Malaysia
फोन - +६०७ ४५६ ८००३ Phone - +607 456 8003

**कम्पनीको बारेमा** - सङ लिन गार्मेन्ट एसडीएन. बिएचडी. मलेसियाको एक प्रतिष्ठित गार्मेन्ट उत्पादक हो । यस कम्पनीले क्याजुअल र औपचारिक (formal) पहिरन लगायतका उच्च गुणस्तरका लुगाहरू उत्पादन गर्नमा ध्यान केन्द्रित गर्दछ र ती उत्पादनहरू अन्तर्राष्ट्रिय ब्रान्ड तथा खरिदकर्ताहरूलाई आपूर्ति गर्दछ ।
**About Company** - Song Lin Garment Sdn. Bhd. is a reputable garment manufacturer in Malaysia. The company focuses on producing high-quality clothing products, including casual and formal wear, and supplies them to international brands and buyers.

| | | |
|---|---|---|
| पूर्व स्वीकृत मिति - २०८२/१२/०५<br>Pre-approval Date - 2026/03/19 | लट नम्बर - ३४००५४<br>LT No. - 340054 | चलानी नम्बर - ६०२५३५७०<br>Invoice No. - 60253570 |

| कामदारको पद Worker's Position | माग संख्या No. of Demand: पुरूष Male | माग संख्या No. of Demand: महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary: आर एम RM | मासिक तलब Monthly Salary: ने. रु. NRP | ओभरटाईम Overtime | प्रतिदिन काम गर्ने घण्टा Working Hours/Day | हप्तामा काम गर्ने दिन Working Days/Week | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomm-odation Facility | करार अवधी Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| औद्योगिक कामदार Factory Worker | १२० 120 | ३० 30 | सम्बन्धित काममा दक्ष Skilled at related work | १७०० 1700 | ६२,९०० 62,900 | कम्पनीको नियम अनुसार As Per Company Rule | ९ घण्टा 9 Hours | ५ दिन 5 Days | छैन No | छ Yes | २ वर्ष 2 years |

| पासपोर्ट खर्च Passport Expenses | मेडिकल जाँच शुल्क Medical Examination Fee | भिसा शुल्क Visa Fee | फाइनल अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खान र बस्नको खर्च Transport, Food & Lodging Expenses During Final Interview & Before Departure | अभिमुखीकरण Orientation | नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia | कल्याणकारी कोष Welfare Fund | सामाजिक सुरक्षा कोष Social Security Fund | हवाई टिकट खर्च Air Ticket Expenses | संस्थाको सेवा शुल्क Agency Service Charge |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगार-दाताले ब्योहोर्ने By the employer | रोजगार-दाताले ब्योहोर्ने By the employer | रोजगार-दाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगार-दाताले ब्योहोर्ने By the employer | रोजगार-दाताले ब्योहोर्ने By the employer | रोजगार-दाताले ब्योहोर्ने By the employer | रोजगार-दाताले ब्योहोर्ने By the employer |

नोट Note :
सम्बन्धित क्षेत्रमा अनुभवी - सिलाई मेसिन अपरेटर
Experienced on Related Field - Sewing machine operator

## महत्त्वपूर्ण जानकारी Important Information

- आवेदकहरूको उमेर १८ बर्ष देखि ४५ बर्षको बिचमा हुनु पर्नेछ । इच्छुक आवेदकहरूहरूलाई उमेर प्रमाणिकरणको लागि नेपाल सरकारबाट जारी फोटो सहितको कम्तिमा दुईवटा परिचय पत्र साथमा लिएर उपस्थित हुन अनुरोध गर्दछौं । Applicants must be between 18 and 45 years of age. Interested applicants are requested to bring at least two photo IDs issued by the Government of Nepal for age verification.
- कामको क्षेत्र/ प्रकृतिः औद्योगिक कामदार / सङ लिन गार्मेन्टले निकासी बजारका लागि औपचारिक (formal) पहिरन, क्याजुअल लुगाहरू र उच्च गुणस्तरका तयारी पोसाकहरू उत्पादन गर्दछ । Scope / Nature of Job: Factory Worker / Song Lin Garment produces formal wear, casual clothing, and high-quality apparel products for export markets.
- बिदाको हकः Leave Entitlement:

| सेवाको अवधि Year of Service | बार्षिक बिदा Annual Leave | बिरामी बिदा (प्रत्येक पात्रो वर्ष) Sick Leave (Each calendar Year) | सार्वजनिक बिदा Public Holiday | अस्पताल भर्ना बिदा Hospitalization Leave |
|---|---|---|---|---|
| २ वर्ष भन्दा कम Less than 2 Years | ८ दिन 8 days | १४ दिन / 14 Days | ११ दिन प्रत्येक पात्रो वर्ष (मलेसियाको श्रम ऐन अनुसार) / 11 Days each calendar year (In accordance with the labour laws in Malaysia) | ६० दिन (प्रत्येक पात्रो वर्ष) / 60 Days (In each calendar year) |
| २-५ वर्ष 2-5 Years | १२ दिन 12 days | १८ दिन / 18 Days | | |
| ५ वर्ष भन्दा बढी More than 5 years | १६ दिन 16 Days | २२ दिन / 22 Days | | |

- प्रत्येक कामदारलाई हप्तामा एक दिन अनिवार्य बिदा उपलब्ध गराइन्छ, र ओभरटाइम सहितको कुल कार्य घण्टा, कानुनले अनुमति दिएको आपतकालीन अवस्था बाहेक, ६० घण्टा भन्दा नबढ्ने व्यवस्था गरिएको छ । Workers are entitled to one compulsory rest day per week, and total working hours, including overtime will not exceed 60 hours, except in emergencies permitted by law.
- नेपालमा हस्ताक्षर गरिएको रोजगार सम्झौता कामदारको हित तथा सुविधामा सुधार हुने अवस्थामा बाहेक कामदार गन्तव्य देशमा पुगेपछि पनि परिवर्तन हुने छैन । The employment contract signed in Nepal shall remain unchanged after the worker's arrival in the destination country, except where amendments are made solely for the worker's betterment.
- आवेदकहरुले कानुनले तोकेको अवस्थामा भन्दा बाहेक आफ्नो व्यक्तिगत पहिचान सम्बन्धी कागजात टाइटानिक वा अन्य कुनै पनि व्यक्ति/संस्थामा जम्मा गर्नु पर्ने छैन । Applicants are not required to deposit their personal identity documents to Titanic or anyone else unless required by law.
- कामदारहरूलाई स्वतन्त्र रुपमा संगठित हुने र सामुहिक हकहितका लागि कानुनले अनुमति दिए बमोजिम भेला हुने अधिकार छ । Workers have the right to freely associate and bargain collectively, where permitted by law.
- कानूनले तोकेको बाहेक कामदारको जागिर नियुक्ति पछि तलबमा कुनै कटौती हुने छैन । No deductions will be made from the worker's salary after placement, except as required by law.
- करार अवधि समाप्ती पश्चात वा उचित अवधिको सूचना दिइ करार अगावै रोजगारी समाप्त गरेमा स्वदेश फिर्ता हुँदा बसोबास भएको स्थान सम्म लाग्ने यातायात तथा निर्बाह खर्च (खाना र बस्न समेत) रोजगारदाताले बहन गर्नेछ । Upon completion of the employment contract, or in case of early termination with adequate notice, return transportation to the worker's habitual residence, including in-transit lodging, will be provided by the employer.
- यस रोजगारीको अवसर प्राप्त गर्नको लागि आवेदक वा आवेदकको परिवारका सदस्य वा अन्य कसैले टाइटानिक म्यानपावर सप्लायर प्रा. लि., यसका कर्मचारी वा अन्य कुनै व्यक्ति र संस्थालाई कुनै नगद रकम वा अन्य कुनै मुल्यवान वस्तुहरू जस्तै सुन, गरगहना, मोबाइल, घडी साथै पशुधन तथा कुनै पनि किसिमको उपहार आदि दिन निषेध गरिएको छ । To secure this employment opportunity, applicants or their family members are prohibited from paying any cash or providing valuable items, including gold, jewellery, mobiles, watches, livestock, or gifts, to Titanic Manpower Supplier Pvt. Ltd., its employees, or any other person or organization.
- यदि कामदारद्वारा भर्ती प्रक्रियाको क्रममा कुनै रकम खर्च गरिएको छ भने, रोजगारदाताको तर्फबाट टाइटानिकले प्रस्थान अघि पूर्ण रूपमा फिर्ता गर्नेछ । If a worker incurs any recruitment-related expenses, Titanic will reimburse the full amount on behalf of the employer, before departure.
- यस भर्तीको लागि कुनै धितो, निक्षेप, ऋणपत्र तथा बचत कार्यक्रमहरूमा सहभागी हुन यस संस्थाले अनुमति दिने वा स्वीकार गर्ने छैन । This organization does not allow or permit any kind of bonds, deposits, or savings programs in this recruitment process.
- यस संस्थाको कुनै पनि शाखा कार्यालय र जिल्ला प्रतिनिधिको कार्यालय नभएको स्पष्ट पार्न चाहन्छौं । तसर्थ इच्छुक आवेदकहरूलाई कुनै पनि एजेन्ट र बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधैं सम्पर्क गर्न अनुरोध गर्दछौं । We notify that this organization does not have any branch office & district representative office. Interested applicants are requested to contact our office directly without using any agent / middleman.
- रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि यस संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ जहाँ आवेदकहरूलाई कामको प्रकृति, ज्याला र लाभहरू तथा काम सम्बन्धी सम्पूर्ण विवरणहरूको बारेमा जानकारी दिइन्छ । Any applicant willing to apply for this job must attend a pre-recruitment orientation to receive information including but not limited to the nature of job, wages, benefit, and other relevant details before submitting the application.
- भर्ती प्रक्रियामा सम्पूर्ण आवेदकलाई रोजगार छनोट गर्न पूर्ण स्वतन्त्रता प्रदान गरिएको छ । तसर्थ सम्पूर्ण इच्छुक आवेदकहरूले कहीं कसैबाट जबरजस्ती, बाध्यता वा धम्कीमा नपरी आफ्नै स्वेच्छामा आवेदन दिन सक्नु हुनेछ । All applicants have the freedom to choose employment and can apply voluntarily without being forced, compelled or threatened by anyone.
- टाइटानिक रोजगारीको समान अवसर सिद्धान्तमा प्रतिबद्ध छ । यस संस्थाको नीतिले कुनै पनि उमेर, लिङ्ग, जाति, धर्म, राजनैतिक आवद्धता, भौगोलिक स्थान, फरक योग्यता, चिकित्सकिय इतिहास, वैवाहिक स्थिति वा अन्य कुनै कुरालाई आधार नबनाई सबैलाई समान अवसर प्रदान गर्दछ । आवेदकहरूलाई व्यक्तिगत विशेषताहरूको सट्टा उनीहरूको सीप, क्षमता र योग्यताको आधारमा मात्र रोजगारीका लागि छनोट गरिन्छ । TITANIC is committed to the principles of equal employment opportunity for all, regardless of age, gender, race, religion, politcal affiliation, geographical location, different ability, medical history, marital status or any other basis. The applicants are selected for the employment solely based on their skills, abilities and qualifications rather than personal characterisctics.

**टाइटानिकको गुनासो दर्ता माध्यम / Titanic Grievance Reporting Channel**
यदि तपाईसँग कुनै गुनासो वा सुझाव छ भने, तल उल्लेखित सम्पर्क माध्यम मार्फत हामीलाई जानकारी गराउनु हुन अनुरोध गर्दछौं । तपाईले प्रदान गर्ने सबै जानकारी र पहिचान पूर्ण रूपमा गोप्य राखिनेछ, र आवश्यक कदमहरू तुरुन्तै चालिनेछन् । If you have any grievances or feedback, please reach out to us using the contact details provided below. All information and identities will be kept strictly confidential, and necessary actions will be taken promptly.
+९७७-९८०१००४३४५ / +977-9801004345 grievance@titanicmanpower.com

**रोजगारदाताको गुनासो दर्ता माध्यम / Employer Grievance Reporting Channel**
यदि तपाईसाग कुनै गुनासो, चासो वा प्रतिक्रिया छ भने, कृपया सागै दिइएको QR कोड् स्क्यान गरेर हामीलाई सम्पर्क गर्नुहौस् तपाईको परिचय लगायत पेश गरिएका सबै जानकारीहरू पूर्ण रूपमा गोप्य राखिनेछ । If you have any grievances, concerns, or feedback, please contact us by scanning the QR code provided alongside. All information submitted, including your identity, will be treated with strict confidentiality.

**प्रि-अन्तर्वार्ता टाइटानिक कार्यालय परिसर, बसुन्धारा - ०३, काठमाडौंमा २०८२ चैत १५ गते हुनेछ।**
**Pre Interview will be held on 29 March 2026 at TITANIC office, Basundhara - 03, Kathmandu.**
**फाइनल अन्तर्वार्ता टाइटानिक कार्यालय परिसर, बसुन्धारा - ०३, काठमाडौंमा २०८२ चैत १८ गते हुनेछ।**
**Final Interview will be held on 1 April 2026 at TITANIC office, Basundhara - 03, Kathmandu.**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः-** १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला । **Information provided by the Department of Foreign Employment (DOFE):-** 1. Confirm that visa is issued under your name 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4. Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6. While going abroad use International Airport of Nepal or else you might be deceived 7. If you want to know more details regarding this advertisement. Please contact Department of Foreign Employment (DOFE), Tahachal.

TITANIC Ethical Recruitment Agency Since 2002
CELEBRATING 24 years
TFHI - OTL Certified Recruitment Agency
ISO 9001:2015 Certified Recruitment Agency

**टाइटानिक म्यानपावर सप्लायर प्रा. लि. (Titanic Manpower Supplier Pvt. Ltd.)**
**इजाजतपत्र नंः २८५/०५८/०५९ (Licence No. 285/058/059)**
बसुन्धारा चौकी, काठमाडौं, नेपाल (Basundhara Chauki, Kathmandu, Nepal)
+९७७-१-४९५३२५२, ४९६४६५९ (+977-1-4953252, 4964659)
www.titanicmanpower.com recruitment@titanicmanpower.com
Titanic Manpower Supplier www.tiktok.com/@titanic.manpower
"An Ethical Recruitment Agency Where Integrity Matters"

## सम्पादकीय

# इनिशालाई न्याय देऊ

सुर्खेतकी १६ वर्षीया इनिशा विकको बलात्कारपछि हत्या भएको तीन साता बितिसक्दा पनि परिवारले उनको अन्त्येष्टि गर्न पाएका छैनन् । दोषीमाथि कारबाहीको माग गर्दै पीडित परिवार, अधिकारकर्मी र अभियन्ताहरू सडकमा छन् । प्रहरीले घटनाको गहिरो अनुसन्धान भइरहेको बताइरहेको छ । तर, निष्कर्षमा पुग्न ढिलाइ भइरहेको छ । घटनामा संलग्नताको आरोपमा पक्राउ परेका किशोरहरूले दिएको बयान, घटनास्थलको प्रकृति र आमअनुमान बाझिँदा प्रहरी आफैँ दबाबमा परेको देखिन्छ । वैज्ञानिक विधिबाट अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को टोली झिकाएर पनि प्रहरीले अनुसन्धान गरिरहेको छ । प्रहरीले घटनामा संलग्न चारजनाको बयान लिइसकेको भनेको छ । फरेन्सिक रिपोर्ट, मोबाइल र अन्य विद्युतीय प्रमाणको अनुसन्धान अझै बाँकी छ । सिसिटिभी फुटेज, पोलिग्राफ परीक्षण र विभिन्न प्रयोगशालाबाट रिपोर्ट आउन बाँकी रहेकाले अनुसन्धान निष्कर्षमा पुग्न ढिलाइ भइरहेको प्रहरी दाबी छ । घटनाको अनुसन्धान छिटो र पारदर्शी ढंगले टुंगोमा पुऱ्याउन सडकको पनि उत्तिकै दबाब छ ।

पोस्टमार्टम रिपोर्टले इनिशाको मृत्यु यौन हिंसा र अत्यधिक रक्तश्रावका कारण भएको देखाएको छ । तर, चारमध्ये तीन किशोरहरूले बलात्कारमा संलग्न नभएको बरू उद्धार गर्न गएको बयान दिएका छन् । यसले अनुसन्धानलाई जटिल मात्र बनाएको छैन, घटनास्थलबाट संकलित सम्पूर्ण प्रमाण वैज्ञानिक तरिकाले परीक्षण गर्नुपर्ने देखिन्छ । अनुसन्धानकर्ताले कुनै कमी नछोडी सूक्ष्म र तथ्यपरक तरिकाले काम गरे मात्र दोषीमाथि कारबाही र पीडितललाई न्याय मिल्नेछ । किशोरहरू निर्दोष हुन् भने पनि वैज्ञानिक आधार-प्रमाणबाट पुष्टि हुनुपर्छ । अन्यथा दोषी उम्काउने खेलका रूपमा बुझिनेछ ।

पीडित परिवारले दोषीमाथि कडा कारबाही नभएसम्म इनिशाको शव नउठाउने भनिरहेका छन् । यस्तोमा राज्यले छिटोभन्दा छिटो अनुसन्धानलाई टुंगोमा पुऱ्याउँदै कानुनी कारबाहीलाई प्रभावकारी बनाउनुपर्छ । जबर्जस्ती करणी र कर्तव्य ज्यानको आरोपमा पक्राउ परेका अभियुक्तहरूलाई तथ्य र प्रमाणका आधारमा कानुनी दायरामा राख्नुपर्छ । तर, प्रहरीले भिडको दबाबमा होइन, स्वतन्त्र अनुसन्धानका आधारमा यो घटनालाई टुंगोमा पुऱ्याउनुपर्छ । अनुसन्धानको केन्द्रमा इनिशाको न्याय हुनुपर्छ । उनलाई न्याय दिनु सिंगो समाज मात्र होइन, राज्यको दायित्व हो । अतः प्रश्न नउठ्नेगरी प्रहरीले अनुसन्धानलाई वैज्ञानिक, तथ्यपरक र पारदर्शी बनाउनुपर्छ । इनिशा मृत्यु प्रकरण आठ वर्षअघि बलात्कारपछि हत्या गरिएकी किशोरी निर्मला पन्तजस्तै नसुल्झिएको घटना नबनोस् ।

# सम्हालिने चुनौती र सच्चिने मौका

*अहिलेको चुनावी नतिजालाई आगामी दिनमा टुट्न र फुट्न नदिई, भुइँमान्छेले अनुभव गर्नेगरी सुशासन र समृद्धिको यात्रालाई अघि बढाउन रवि र बालेनहरूले निकै विवेकपूर्ण कदम चाल्न आवश्यक छ ।*

अग्रलेख



● गोविन्द विक

चुनावबाट पुराना दललाई सच्चिने अवसर प्राप्त भएको छ भने झन्डै दुईतिहाइ मत पाएको रास्वपालाई सम्हालिने चुनौती उत्तिकै छ । सत्ता र शक्तिलाई सधैं पेवा ठानेका दलहरूले अहिलेको चुनावमा जिल्ला-जिल्लाबाट पराजय भोगे । स्थानीय निर्वाचनमा स्वतन्त्रबाट बालेन्द्र शाह, हर्क साम्पाङ र गोपी हमालहरूको विजय वैकल्पिक शक्तिको घण्टी बजाउने संकेत हो भनेर कसैले बुझ्ने प्रयास नै गरेनन् । यो व्यवस्था ल्याउन संघर्ष गरेका नेपाली कांग्रेस, नेकपा (एमाले) र तत्कालीन नेकपा (माओवादी केन्द्र) यही व्यवस्थाभित्र मौलाउँदै गरेको भ्रष्टाचार, कुशासन, बेथिति, नातावाद, कृपावाद, परिवारवाद, संरक्षणवादको विरुद्धमा जनआक्रोश बढिरहेको कुरालाई अनदेखा गरिरहे । आफ्नै अहंकार र सत्ताको उन्मादले यिनीहरूलाई थिचिरह्यो । आफैंभित्र सुध्रिन सकेनन्, संगठित हुन चाहेनन्, जनताको मत मेरै पकडमा सधैं हुन्छ भन्ने भ्रम पालिरहे ।

उनीहरूले आफैंभित्रबाट लोकतन्त्रको सङ्लो अभ्यासको चरित्र प्रदर्शन गर्ने हिम्मत कहिल्यै गरेनन् । एकअर्काको अडेसोमा छिर्केनी मार्ने ध्याउन्नमा समय खेर फाले । आफ्नैले शक्ति र सत्ताको दुरुपयोग गर्दा पनि थाहै नपाएको अभिनयमा व्यस्त भए । आमजनअपेक्षाको आक्रोश र निराशाको भेललाई रोक्ने त के, सुन्ने धैर्यसमेत गुमाएका पुराना दलको अवस्था अहिलेको चुनावले लज्जास्पद पराजयको किनारामा लगेर थन्क्याइदियो । जनताले ब्यालेटमार्फत पुराना दललाई एकैसाथ किनारामा पारिदिए । यो एक दिनको हल्लाले हैन र एकैछिनको रमाइलोपछि हुत्तिएको भिडको निर्णय पनि हैन । यो विगत ३६ वर्षदेखि गुम्सिएर रहेको जनआक्रोशको नतिजा हो ।

जनतालाई सुशासन, समृद्धि, सहज र सुलभ दैनिकी चाहिएको हो । पैसा नहुँदा पनि अस्पतालमा उपचार पाइयोस्, राम्रो विद्यालयमा आफ्ना नानीबाबुलाई भर्ना गर्न कुनै नेताको चाकडी गर्नु नपरोस् भन्ने चाहिएको हो । सानाभन्दा साना सवाल भुइँमान्छेका छन्, तर पटक-पटक सत्ताको स्वाद चाख्नेहरूले भुइँमान्छेका दुःख र समस्यालाई कहिल्यै आवश्यक ठानेनन् । जसको परिणाम अहिलेको परिस्थिति बन्दै गयो ।

जनताले केही वर्षदेखि दलहरूको सत्ता लुछाचुँडीलाई नजिकबाट अध्ययन गरिरहेका थिए । दलहरूले थुपारेको कुशासनबाट जनता आजित थिए । न कार्यपालिका, न व्यवस्थापिका, न न्यायपालिका सग्लो बनेकोबाट जनता दिक्क बनेका थिए । जसको परिणाम वैकल्पिकहरूको शीर्ष स्थानमा रहेका बालेन, रविहरूलाई जनताले भारी विश्वास गरे । यो चुनावले स्पष्ट सन्देश दिएको छ कि परिवर्तनका लागि जनताको शक्तिभन्दा ठूलो अर्को कुनै पनि शक्ति हुनै सक्दैन । विगत ३६ वर्षदेखि यो मुलुकको शासनको केन्द्रमा रहेका सबै दल यो चुनावबाट पाखा पारिए । प्रमुख प्रतिपक्षमा रहेर सरकारलाई खबरदारी गर्ने जिम्मेवारीमा पनि पुराना दललाई जनताले पत्याएनन् यसपालि । रास्वपाले प्रत्यक्षतर्फको निर्वाचनमा एक सय २५ सिट र समानुपातिकमा ५७ गरी जम्मा एक सय ८२ सिट हात पारेको छ । यो सिट संख्या अहिलेको दुई सय ७५ जम्मा सिटमा झन्डै दुईतिहाइ नजिकको हो ।

बालेनको चुनावी प्रचार पनि रोचक नै थियो । अरूलाई गाली गरेनन् । भदौ २३ र २४ गते भएको नरसंहारलाई मसिनो गरी जनतालाई घरमा नै गएर सुनाए । ठूला र चर्का भाषण पनि बालेनका लागि प्रिय भएनन् । नरम भएर आफ्ना कुरा जनतालाई सुनाए । गाउँ-गाउँका आमाबुबाहरूले 'बालेन बाबु, तिमीले जित्नुपर्छ' भन्ने वातावरण निर्माण गर्दै हिंडे । यही नम्रता र इसाराको भाव नै बालेनको जितका लागि गतिलो अस्त्र बन्न गयो । बोल्नेभन्दा पनि काम गर्ने भनेर सुनाउँदै हिंडे । कार्यकर्ताको तालीमा पनि रमाएनन् । लाखौंको भिड र हजारौं क्यामेराका लेन्सहरूलाई पन्छाउँदै गाउँमा



मुस्कुराउन पुगेका बालेनप्रति वृद्धदेखि बालकसम्मको क्रेज थामिनसक्नु देखियो । सिंगो देशको भरोसा बालेन र रविमा तेर्सियो । अहिलेको जनमतको अर्को एउटा सन्देश पनि दिएको छ, आफ्नो चुनावी क्षेत्रमा केन्द्रित विकास पनि चुनाव जित्ने अस्त्र होइन । चितवनमा रेनु दाहालले विकास गरेकी छिन् । झापा ५मा ओलीले विकास गरेका छन् । तर, ती सबै तपसिल भए । अहिलेको चुनावी नतिजालाई आगामी दिनमा टुट्न र फुट्न नदिई, भुइँमान्छेले अनुभव गर्नेगरी सुशासन र समृद्धिको यात्रालाई अगाडि बढाउन रवि र बालेनहरूले निकै विवेकपूर्ण कदम चाल्न आवश्यक छ । रास्वपाभित्र पनि एमाले, कांग्रेस र माओवादीबाट पाखा पारिएका धेरै व्यक्तिहरूले यो चुनावमा अवसर पाएका छन् । कांग्रेस, एमाले, माओवादीबाट बिच्किएर रास्वपा बनेका धेरै व्यक्तिहरू छन् । यस्तोमा विवेक नगुमाई काम गर्नुपर्दछ ।

चुनाव पनि विशेष परिवेशबाट जन्मिएको थियो भने रास्वपालाई जनमत पनि विशेष नै हुन गयो । इतिहास नै परिवर्तन हुने गरी जनमतको तुफान रास्वपातिर ओइरियो । यो जनमतको तुफानलाई सही व्यवस्थापन गर्दै सत्ता र शक्तिभन्दा माथि उठेर मुलुकमा कैयौं वर्षदेखि रहेको बेथिति र भ्रष्टाचारको हिलो र फोहोरलाई जरैदेखि सफा गर्ने मुख्य अभिभारा रास्वपाको काँधमा छ । अब कुनै पनि बहाना बनाएर जनताका अपेक्षा बेवास्ता गर्ने छुट छैन । रास्वपाले बाटो बिराएर पुरानाहरूकै लाइनमा दौडिन खोज्यो भने फेरि केही समयपछि जनमतबाट बढारिने पक्का नै हो । प्रतिशोधको जगमा टेकेरभन्दा पनि कानुन, नीतिको जगमा टेकेर सत्ताको स्टेरिङ चलाउने विवेक रास्वपाले गुमाउनुहुँदैन ।

रास्वपाले यो जनविश्वास र भरोसालाई सही अवतरण गराउन सक्दैन भनेर अड्कल गर्नेहरू पनि देखिन थालेका छन् । चुनावअघि पनि रास्वपाबाट विद्रोह गरेर ट्रोल बन्नेहरू निकै थिए । पुराना दलहरूबाट रास्वपामा गएका र चुनावको मुखमा फेरि रास्वपाबाट बिच्किएर पुरानामै फर्किनेहरूको लहर निकै चर्चामा थियो । तर, त्यस लहरले खासै असर गरेन । यस्ता सवालहरूमा

> *रास्वपाले विवेक र धैर्य गुमायो भने फेरि अर्को विकल्पको जन्म हुने र मुलुक अस्थिरतामै फसिरहने पक्का छ । यही व्यवस्थाभित्र अवस्था बदल्ने भन्ने नीतिमा उदाएको पार्टी भएको हुनाले अवस्था बदल्ने मार्गमा हिँड्नुको विकल्प छैन ।*

पनि रास्वपा चनाखो हुन जरुरी छ । राष्ट्रिय सभामा रास्वपा छैन । सात सय ५३ स्थानीय तहमा रास्वपा छैन, सातवटा प्रदेश तहमा रास्वपा छैन । त्यसकारण रास्वपाले विवेक र धैर्य गुमायो भने फेरि अर्को विकल्पको जन्म हुने र मुलुक अस्थिरतामै फसिरहने पक्का छ । यही व्यवस्थाभित्र अवस्था बदल्ने भन्ने नीतिमा उदाएको पार्टी भएको हुनाले अवस्था बदल्ने मार्गमा हिँड्नुको विकल्प छैन ।

अन्त्यमा, यो चुनावबाट किनारामा पारिएका दलहरूले निराशामा बस्नुभन्दा पनि विगतका गल्ती र कमजोरीलाई गम्भीर समीक्षा गरी आगामी दिनमा अर्को विकल्प नउदाउने वातावरण कसरी बनाउने भनेर आफैंभित्र पखालिने अभ्यास सुरु गर्नुपर्दछ । विगतमा भएका त्रुटिलाई मसिनो गरी केलाउने र पार्टीभित्र व्यक्तिभन्दा पनि विचार र परिवर्तनकारी सोचलाई अवसर दिने, युवा भावनालाई बुझ्दै समयअनुसार आफू र पार्टीको अवस्थामा परिष्कृत र परिमार्जित गर्दै मुलुक र जनताको विकासमा हातेमालोको अर्को इँटा जोड्दै अगाडि बढ्ने कि सक्किने अब आफ्नै विवेकमा भर पर्दछ । जनताको समृद्धि छाना र मानासँग जोडिएको हुनाले यही लयमा काम गर्नुपर्ने कुरालाई नयाँ सरकारले बुझ्न जरुरी छ ।

## इतिहासमा आज

२४ मार्च १९९८ मा भारतको दान्टानमा आँधीबेहरी आउँदा २५० जनाको मृत्यु भएको थियो भने ३ हजारजना घाइते भएका थिए ।



२४ मार्च २००३ मा अरब लिगले इराकमाथिको आक्रमण अन्त्य गर्ने प्रस्तावमाथि मतदान गरेका थिए ।



२४ मार्च २००८ मा भुटानमा पहिलो आमनिर्वाचन भएको थियो । जससँगै भुटानमा प्रजातान्त्रिक अभ्यासको सुरुआत भएको थियो ।



२४ मार्च २०१८ मा स्टोनम्यान डगलस हाई स्कुल गोलीकाण्डको प्रतिक्रियामा संयुक्त राज्य अमेरिकाभरका विद्यार्थीहरूले बन्दुक नियन्त्रणको माग गर्दै मार्च फर आवर लाइभ्सको आयोजना गरेका थिए ।



# जनअपेक्षाको मार्गचित्र

विचार



● खिमराज गिरी

> *नयाँ सरकारका लागि यो समय अवसर र चुनौती दुवै हो । यदि दूरदृष्टि, इमानदारी र दृढ कार्यान्वयन देखाइयो भने देशलाई स्थायित्व र समृद्धिको मार्गमा लैजान सकिन्छ । अन्यथा, देश फेरि आन्तरिक तथा बाह्य भूराजनीतिक चक्रमा फस्ने जोखिम रहन्छ ।*

नेपालमा राणाशासनको अन्त्यपछि विभिन्न समयमा राजा र जनताबीच राजनीतिक खिचातानीका कारण आन्तरिक द्वन्द्व सिर्जना हुँदै आयो । विभिन्न कालखण्डमा राजनीतिक अस्थिरताको कालो बादल मडारिइरह्यो । विदेशी हस्तक्षेपलाई दोष दिइए पनि त्यसको मूल कारण हाम्रो नेतृत्व र जनताको निर्णय नै थियो ।

विसं २०४६ सालमा पञ्चायती शासन व्यवस्था अन्त्य भई प्रजातन्त्र आयो । २०६२/६३को आन्दोलनपछि राजतन्त्र अन्त्य भई गणतन्त्र स्थापना भयो र २०७२ सालमा नयाँ संविधान जारी भयो । तथापि, राजनीतिक स्थिरता भने कायम हुन सकेन । जबसम्म राजनीतिक स्थिरता हुँदैन, तबसम्म सामाजिक सद्भाव, आर्थिक समृद्धि तथा धार्मिक-सांस्कृतिक विकास सम्भव हुँदैन भन्ने तथ्य बारम्बार प्रमाणित हुँदै आएको छ ।

हालैका आन्दोलनहरू र नयाँ जनादेशसँगै देश पुनः नयाँ सरकार गठनको प्रक्रियामा छ । राष्ट्रिय स्वतन्त्र पार्टीले ठूलो जनसमर्थन प्राप्त गरेको अवस्थामा आगामी सरकारप्रति जनताको अपेक्षा पनि उच्च छ । तर केवल सत्ता परिवर्तनले मात्र देशका संरचनात्मक समस्या समाधान हुँदैनन् । त्यसका लागि दूरदृष्टि, नीतिगत स्थिरता, प्रतिशोधरहित राजनीति र प्रभावकारी कार्यान्वयन क्षमता आवश्यक हुन्छ ।

नेपाल लामो समयदेखि संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ । स्पष्ट बहुमतको अभावमा बन्ने गठबन्धन सरकारहरूले अस्थिरता बढाएका छन् । दलहरूबीच सत्तामा पुग्ने र टिक्ने होडले नीतिगत स्पष्टता कमजोर बनाएको छ, जसका कारण जनतामा निराशा बढेको छ । चुनावअघि जनस्तरमा 'यो पटक नयाँलाई अवसर दिऔं' भन्ने धारणा व्यापक रूपमा देखिएको थियो । यस अर्थमा हालको जनमत केवल संगठनात्मक सफलताको परिणाम मात्र होइन, परिवर्तनको खोजी पनि हो । तर नयाँ सरकारप्रति समर्थनलाई दम्भमा परिणत गर्नु घातक हुन सक्छ । यदि जनताको अपेक्षा र भावनाको सम्मान गरिएन भने विगतका गल्ती दोहोरिने जोखिम रहन्छ ।

सामाजिक रूपमा बेरोजगारी, युवापलायन र असमानता बढ्दै गएको छ । आर्थिक दृष्टिले महँगी, व्यापार घाटा र उत्पादनमूलक क्षेत्रको कमजोरी गम्भीर चुनौतीका रूपमा देखिएका छन् । धार्मिक तथा सांस्कृतिक रूपमा सहिष्णु समाज भए पनि पछिल्लो समय विभाजनकारी प्रवृत्तिहरू देखापर्न थालेका छन् ।

अन्तर्राष्ट्रिय परिवेश पनि जटिल बन्दै गएको छ । पश्चिम एसियाको द्वन्द्वका कारण पेट्रोलियम पदार्थ र खाद्यान्नको मूल्य वृद्धि भई नेपाली जनजीवनमा प्रत्यक्ष असर परेको छ । खाडी मुलुकहरूमा कार्यरत नेपालीहरू पनि असुरक्षित अवस्थामा छन् । यस्तो अवस्थामा नेपालले सन्तुलित परराष्ट्र नीति अपनाउन जरुरी छ । नेपालको मूल नीति असंलग्नता हो, जसले राष्ट्रिय हितलाई प्राथमिकता दिन्छ । त्यसैले कुनै पनि शक्तिराष्ट्रप्रति झुकाव देखिने निर्णयहरूबाट सरकार सचेत रहनुपर्छ ।

अब आन्तरिक प्राथमिकतामा ध्यान दिन आवश्यक छ । कृषिप्रधान देश हुँदाहुँदै पनि नेपालमा कृषिको आधुनिकीकरण हुन सकेको छैन । सिँचाइको अभाव, प्रविधिको कमी र बजार व्यवस्थापनको कमजोरीका कारण खेतीयोग्य जमिन बाँझै रहेका छन् । विदेशबाट खाद्यान्न आयातमा निर्भरता बढ्दै गएको छ । यस अवस्थामा आधुनिक कृषि औजार, सहज ऋण व्यवस्था, मल-बीउको उपलब्धता र उत्पादनको उचित मूल्य सुनिश्चित गर्नुपर्छ । साथै, जल, जमिन, जंगल, जडीबुटी र पशुपालनको समुचित उपयोगबाट रोजगारी सिर्जना गर्न सकिन्छ ।

ऊर्जा क्षेत्रमा दीर्घकालीन नीति आवश्यक छ । साथै, भ्रष्टाचार, गुण्डागर्दी र दण्डहीनताको अन्त्य नगरी सुशासन सम्भव हुँदैन । कानुन सबैका लागि बराबर हो भन्ने विश्वास जनतामा स्थापित गर्नुपर्छ । स्वास्थ्य र शिक्षा क्षेत्रको अवस्था पनि चिन्ताजनक छ । आर्थिक रूपमा कमजोर नागरिकहरू उपचार नपाएर पीडित छन् भने प्रतिभाशाली तर गरिब विद्यार्थीहरूले उच्च शिक्षा प्राप्त गर्ने अवसर गुमाइरहेका छन् । यसतर्फ राज्यले विशेष ध्यान दिनुपर्छ ।

कर्मचारीतन्त्रमा देखिएको ढिलासुस्ती, अनियमितता र गैरजिम्मेवारीपन अन्त्य गरी सेवा प्रवाहलाई छरितो, पारदर्शी र उत्तरदायी बनाउन आवश्यक छ । यसमा सरकार मात्र होइन, नागरिकको पनि भूमिका महत्वपूर्ण हुन्छ । हुलदंगा, दबाब र शक्ति प्रदर्शनबाट काम गराउने प्रवृत्तिले समाजलाई अराजकतातर्फ लैजान्छ ।

लोकतन्त्र केवल अधिकारको अभ्यास मात्र होइन, कर्तव्यबोधको पनि प्रणाली हो । नैतिकता नै सभ्य समाज निर्माणको आधार हो भन्ने बुझाइ सबैमा विकसित हुन आवश्यक छ । नयाँ सरकारका लागि यो समय अवसर र चुनौती दुवै हो । यदि दूरदृष्टि, इमानदारी र दृढ कार्यान्वयन देखाइयो भने देशलाई स्थायित्व र समृद्धिको मार्गमा लैजान सकिन्छ । अन्यथा, देश फेरि आन्तरिक तथा बाह्य भूराजनीतिक चक्रमा फस्ने जोखिम रहन्छ । आजको मुख्य आवश्यकता केवल सत्ता परिवर्तन होइन, सुशासनको स्पष्ट मार्गचित्र हो । असंलग्न परराष्ट्र नीति अपनाउँदै सबै राष्ट्रसँग समान व्यवहार गर्नु, विदेशी हस्तक्षेप न्यून गर्नु र विकासलाई व्यवहारमा उतार्नु नै समयको माग हो । विकासको वास्तविक आधार काम र सुशासन हो, केवल आश्वासन होइन । त्यसैले शासकवर्गले यस यथार्थलाई गम्भीरतापूर्वक आत्मसात् गर्न जरुरी छ ।

## सामाजिक सञ्जाल




गोकुल बास्कोटा

लिपुलेक नक्सा हाम्रो तर नियन्त्रण अरूकै भइहाल्यो । १२० अर्ब डलरको वार्षिक कारोबार गर्ने दुई छिमेकीको योजनाको सानो व्यापारिक नाकाको हामी छेउमा बसेर हेरिरहनु पर्ने भयो । यस्तै हो, शक्ति र समयको संयुक्त प्रहार !




गोपी के खनाल

१५ भन्दा बढी मन्त्रालय त आवश्यक नै छैन, कामको विकेन्द्रीकरण र संरचनाको केन्द्रीकरण भएको छ । सिंहदरबारमा भीड छ, तर सेवा दिने निकायमा कर्मचारीको चरम अभाव छ । राजनीतिक प्रयोजनका लागि खुलेका क्यान्टिलिभर फाल्न सकेमा छार्काभोट जाने सडक बनाउने पैसाको बन्दोबस्त हुनेछ !



ध्रुवहरि अधिकारी

२०७२ सालको संविधान आरम्भदेखि नै विवादमा छ । धेरैमध्ये यसको एक कारणः एक दर्जन अनावश्यक आयोग खोल्नु हो । 'राष्ट्रिय समावेशी आयोग' कायम राखेर त्यसमै महिला, दलित, मधेसी, जनजाति, थारु, मुस्लिमहरूको प्रतिनिधित्व गराउन सकिने थियो । तर, धारा २६५ मा १० वर्षपछि 'पुनरावलोकन गर्ने'बाचा छ । गरे भैगो ।



शरदराज पाठक

मिलीजुली सरकार बनाउँदा भागबन्डाका कारण राख्ने गरिएको उपप्रधानमन्त्री पद यस पटकदेखि कसैलाई नदिइयोस् । प्रधानमन्त्रीले कार्यवाहक दिनुपर्ने अवस्थामा वरिष्ठतम मन्त्रीलाई दिँदा भइहाल्छ । उपप्रधानमन्त्री पदको खास केही अर्थ छैन । थिति बसाल्न यहीँबाट सुरु गरोस् रास्वपाले ।

युद्ध र मृत्युमा सट्टेबाजी

# इरानी नेता खामेनीको हत्याको भविष्यवाणीबाट यसरी कमाइयो लाखौं डलर

काठमाडौं/एजेन्सी-इरानका तत्कालीन सर्वोच्च नेता अली खामेनीको हत्या हुनुभन्दा केही घण्टाअघि नै सयौं मानिसहरूले एउटा अमेरिकी अनलाइन प्लेटफर्ममा सोही दिन उनको मृत्यु हुने भन्दै 'दाउ' (सट्टा) लगाएका थिए । 'पोलिमार्केट' नामक यस अनलाइन प्लेटफर्ममा खामेनीको मृत्युमा गरिएको सट्टेबाजी सबैभन्दा प्रमुख दाउमध्ये एक बन्न पुग्यो, जसले १३ करोड डलर (करिब १७ अर्ब नेपाली रुपैयाँ भन्दा बढी) को कारोबार गरेको छ ।



**यसरी हुन्छ अनलाइन सट्टेबाजी**

स्मार्टफोनको बढ्दो प्रयोगसँगै राजनीतिक र युद्धजस्ता संवेदनशील विषयमा सट्टेबाजी गर्न पहिलेभन्दा निकै सहज भएको छ । पोलिमार्केट जस्ता प्लेटफर्ममा प्रयोगकर्ताहरूले कुनै पनि घटनाको सम्भावित नतिजा (जस्तै 'हो' वा 'होइन') मा पैसा लगाउँछन् । यो परम्परागत सट्टेबाजीभन्दा फरक छ । यहाँ जित्ने व्यक्तिले सट्टा कम्पनीबाट मात्र पैसा पाउँदैन, बरु दाउको सुरुदेखि ट्रेड बन्द हुनेसम्मको मूल्यमा आएको परिवर्तनका आधारमा नाफा वा घाटा निर्धारण हुन्छ । माग र आपूर्तिको आधारमा यस्तो 'बेट'को मूल्य प्रतिक्षण परिवर्तन भइरहन्छ ।

ब्लूमबर्गका अनुसार खामेनीको मृत्यु भएको दिन इरानसँग सम्बन्धित राजनीतिक सट्टेबाजीले ४० करोड डलरभन्दा बढीको कारोबार गऱ्यो, जुन अघिल्लो दिनको तुलनामा झण्डै तीन गुणा बढी थियो । केही सट्टेबाजहरूले त यसबाट लाखौं डलर नाफा कमाएका छन् ।

एक प्रयोगकर्ताले फेब्रुअरी २८ मा अमेरिका-इजरायल र इरानबीचको सम्भावित युद्धसँग सम्बन्धित अनुमान लगाएर ५ लाख डलर (करिब साढे ६ करोड नेपाली रुपैयाँ) भन्दा बढी कमाएका थिए । अर्को एक सट्टेबाजले भेनेजुएलाका नेता निकोलस मादुरोलाई पदच्युत गरिने विषयमा ३० हजार डलर लगानी गरेर ४ लाख डलरभन्दा बढी आम्दानी गरेका थिए ।

खामेनीको हत्याको खबर आउनुअघि 'हो' मा दाउ लगाउनेहरूको प्रतिशत १ बाट बढेर ९० प्रतिशतभन्दा माथि पुगेको थियो ।

इरानसँग सम्बन्धित सट्टेबाजीमा खामेनीको मृत्यु मात्र होइन, अमेरिकी सेना इरान प्रवेश गर्ने समय, युद्धविराम कहिले हुन्छ र इरानले हर्मुज स्ट्रेट कति समयसम्म बन्द राख्छ भन्ने विषयमा पनि पैसा लगाइएको थियो । केहीले त इरानमा परमाणु बम खसालिने विषयमा समेत सट्टा लगाएपछि प्लेटफर्मले त्यस्तो विवादास्पद दाउ हटाउनु परेको थियो ।

**नैतिकता र पारदर्शितामा प्रश्न**

मानिसहरूको ज्यान जाने युद्ध र हत्याजस्ता विषयमा सट्टा लगाउनु कति वैध र नैतिक हो भन्ने विषयमा विश्वव्यापी रूपमा बहस सुरु भएको छ । अमेरिकी कानुनले सार्वजनिक हित विपरीत हुने सट्टेबाजीलाई निषेध गर्दछ, त्यसैले यस्ता प्लेटफर्महरू प्रायः पनामा जस्ता देशबाट सञ्चालन हुने गर्छन् ।

यसबाहेक, 'इन्साइडर ट्रेडिङ' वा गोप्य सूचनाको दुरुपयोगको आशंका पनि गरिएको छ । के महत्वपूर्ण निर्णय लिने अधिकारीहरू वा सरकारसँग सम्बन्धित व्यक्तिहरूले संवेदनशील जानकारीको प्रयोग गरेर सट्टा लगाइरहेका छन् ? भन्ने प्रश्न उठेको छ ।

यसै विवादका बीच अमेरिकी संसद (हाउस अफ रिप्रिजेन्टेटिभ्स)ले सरकारी कर्मचारीहरूलाई यस्ता प्लेटफर्ममा दाउ लगाउन रोक्ने विधेयकमाथि विचार गरिरहेको छ । इजरायल र नर्वेका अधिकारीहरूले पनि केही घटनामा गोप्य सूचनाको दुरुपयोग भएको भन्दै अनुसन्धान सुरु गरेका छन् ।

यता आलोचनाका बीच पोलिमार्केटले आफ्नो बचाउ गर्दै यस्ता 'प्रेडिक्सन मार्केट'ले जनताको सामूहिक बुझाइका आधारमा सटिक अनुमानहरू प्रदान गर्ने बताएको छ । प्लेटफर्मको दाबी अनुसार यस्ता अनुमानहरू वर्तमान समयमा निकै मूल्यवान हुन्छन् र यसले टेलिभिजन न्यूज वा सामाजिक सञ्जालले दिन नसक्ने जवाफहरू दिन सक्छन् ।

हाल यो मार्केट सुरुवाती चरणमा भए तापनि साना सट्टेबाजहरूको ठूलो सहभागिताले यसलाई विश्वव्यापी बनाउँदै लगेको छ, जसले गर्दा आगामी दिनमा थप कानुनी र नैतिक चुनौतीहरू थपिने देखिन्छ ।

# ईशनाथमा हिलाम्मे सडकले स्थानीयलाई सास्ती

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ९ चैत



रौतहटको ईशनाथ नगरपालिकाले विकासका उपलब्धि सार्वजनिक गरिरहे पनि भौतिक पूर्वाधारको अवस्था भने सन्तोषजनक नदेखिएको गुनासो बढ्दै गएको छ । नगरका विभिन्न वडामा विकासका कार्यक्रमको प्रचार भइरहे पनि वास्तविकता भने विपरीत देखिएको स्थानीय बताउँछन् । विशेषगरी वडा नं. ९ डुमरियामा सडकको अवस्था अत्यन्तै जर्जर बनेको छ । नगरपालिकाले सडक मर्मत तथा स्तरोन्नतिमा पर्याप्त ध्यान नदिँदा मुख्य तथा भित्री सडकहरू हिलाम्मे बनेका छन् ।

सामान्य वर्षा हुँदा समेत डुमरियाका सडकहरूमा पैदल हिँड्न कठिन हुने अवस्था रहेको स्थानीयको भनाइ छ । नालाको उचित व्यवस्थापन नहुँदा पानी जमेर सडक झनै बिग्रिँदै गएको छ । 'विकासको कुरा धेरै सुनिन्छ, तर घरबाट निस्कनै समस्या छ,' एक स्थानीयले गुनासो गरे । उनका अनुसार हिलोका कारण हिँड्दा लड्ने र कपडा फोहोर हुने डर सधैं रहन्छ ।

सडकको दुर्दशाले जनजीवनमा प्रत्यक्ष असर पारेको छ । बालबालिकालाई विद्यालय पठाउन अभिभावक हिचकिचाउने गरेका छन् भने आकस्मिक बिरामीलाई अस्पताल पुऱ्याउन समेत समस्या हुने गरेको छ । एम्बुलेन्स वा अन्य सवारी साधन सहजै नपुग्दा उपचारमा ढिलाइ हुने जोखिम बढेको छ ।

यस्तै, दैनिक उपभोग्य वस्तु ढुवानी र बजार आवतजावतमा पनि सर्वसाधारणले सास्ती खेप्नु परेको छ । स्थानीयहरूले नगर नेतृत्वले आधारभूत समस्यालाई बेवास्ता गरेको आरोप लगाउँदै तत्काल सडक मर्मत तथा कालोपत्रे प्रक्रिया अघि बढाउन माग गरेका छन् ।

'हामीलाई चुनावी आश्वासन होइन, सहज आवतजावत हुने सडक चाहिएको हो,'स्थानीय युवाहरूले बताएका छन् । डुमरियाको यो समस्या समाधानतर्फ नगरपालिका कत्तिको गम्भीर बन्छ भन्नेमा अहिले सबैको चासो केन्द्रित भएको छ ।

# मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि ठाकुरबाबामा कंक्रिट पर्खाल

**दीपकलाल श्रेष्ठ/मध्यान्ह**
बर्दिया, ९ चैत

बर्दियाको ठाकुरबाबा नगरपालिकाले मानव-वन्यजन्तु द्वन्द्व घटाउन संरचनात्मक उपायका रूपमा कंक्रिट पर्खाल निर्माणलाई तीव्र बनाएको छ । वन क्षेत्रले चारैतिरबाट घेरेको यस नगरपालिकामा पछिल्लो समय जंगली जनावर बस्तीमा पसेर बालीनाली तथा धनजनमा क्षति पुऱ्याउने घटना बढ्दै गएपछि पर्खाल निर्माण अभियान अघि बढाइएको हो ।

नगरप्रमुख तिलक लम्सालका अनुसार करिब ३२ किलोमिटर वन क्षेत्रले घेरिएको नगरपालिकामा अझ व्यापक संरचनात्मक पहल आवश्यक देखिएको छ । विशेषगरी निकुञ्जसँग सिमाना जोडिएका वडाहरू वन्यजन्तुबाट बढी प्रभावित भएकाले ती क्षेत्रलाई प्राथमिकतामा राखेर पर्खाल विस्तार गरिने उनले बताए ।

प्रमुख प्रशासकीय अधिकृत रामहरि रिजालका अनुसार निकुञ्ज आसपासबाट दैनिकजसो हात्ती लगायत जंगली जनावरको बथान बस्तीमा पसेर क्षति पुऱ्याउने क्रम बढेपछि निर्माण कार्यलाई गति दिइएको हो । हालसम्म करिब ११ किलोमिटर कंक्रिट पर्खाल निर्माण सम्पन्न भइसकेको छ ।

चालु आर्थिक वर्षमा थप करिब ३७ सय मिटर पर्खाल निर्माण गर्ने लक्ष्य राखिएको छ, जसका लागि करिब ५ करोड २५ लाख रुपैयाँ विनियोजन गरिएको छ । साथै बबई सिँचाइ आयोजनाअन्तर्गत थप करिब २ किलोमिटर पर्खाल निर्माण हुने गरी कुल करिब ६ किलोमिटर नयाँ संरचना थपिने तयारी रहेको नगरपालिकाले जनाएको छ ।


## चामुण्डाबिन्द्रासैनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जम्बुकाँध, दैलेख
कर्णाली प्रदेश, नेपाल

**ठेक्का तोडने सम्बन्धी अत्यन्त जरुरी सूचना**

**सूचना प्रकाशन मितिः २०८२/१२/१०**

यस कार्यालयबाट आ.व. २०७८/०७९ मा कर्णाली लिफ्ट खानेपानी निर्माण योजना तथा १५ शैयाको बिन्द्रासैनी अस्पताल निर्माण सम्बन्धी कार्यको लागि भएको सम्झौता बमोजिम तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न नगरेको हुँदा समयमा कार्य सम्पन्न गर्नका लागि पटक पटक लिखित पत्राचार एंव मौखिक रूपमा ताकेता गर्दा समेत लामो समयसम्म निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो एंव प्रयास समेत नगरेको देखिएकोले सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४ र ठेक्का सम्झौताको शर्त बमोजिम ठेक्का किन नतोड्ने ? ठेक्का नतोड्नु पर्ने कुनै मनासिव कारण भए सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र विश्वसनीय स्पष्टीकरण सहित यस कार्यालयमा आफै वा आधिकारिक प्रतिनिधि उपस्थित हुनु होला । अन्यथा यसै सूचनालाई आधार मानी सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४ र ठेक्का सम्झौताको शर्त बमोजिम ठेक्का सम्झौता रद्ध गरि कालो सूचीमा राखे लगायतका कानुनी कारवाहीको प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिलः**

| सि. नं | ठेक्का नं. | निर्माण व्यवसायीको नाम | कामको विवरण | सम्झौता मिति |
|---|---|---|---|---|
| १ | CBM/NCB/W/03/2077/078 | Nagarjun-TDR J.V. Kathmandu | कर्णाली लिफ्ट खानेपानी निर्माण योजना | २०७८/०३/२५ |
| २ | CBM/NCB/HB/W/10/2077/078 | BIKASH-TDR-SHIVAKO J.V. New Baneshwor Kathmandu | १५ शैयाको बिन्द्रासैनी अस्पताल निर्माण योजना | २०७८/०३/२५ |

**प्रमुख प्रशासकीय अधिकृत**



Bagamati Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
## Infrastructure Development Office
Bharatpur, Chitwan

**Invitation for Bids for the procurement of works**

**Date of publication: 2082/12/10 (2026-03-24)**

1. Infrastructure Development Office, (IDO,Chitwan) invites electronic bids only from Nepalese eligible bidders for the construction of road contracts as mentioned below:

| S. N. | Contract Id | Name of Project | Estimated amount (excluding VAT and contingencies) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|
| 1 | IDO/CHT/W/NCB/57/082-83 | Construction of a Culvert on Khageri Canal near Uddhav Pathak's House, within Bharatpur Metropolitan City–14 | 8,753,500.57 | 219,000 |

2. Cost of each bidding document is NRs. 3,000.00
3. Pre bid meeting shall be held on 2082-12-29 (2026-04-12) at 11:00 pm in IDO, Chitwan.
4. Last Date of bid submission is 2083-01-10 (2026-04-23) at 12:00 pm and bid opening shall take place at IDO, Chitwan on 2083-01-10 (2026-04-23) at 1:00 pm.
5. Detail information related to respective invitation for bid can be obtained from PPMO's e-GP system website http://www.bolpatra.gov.np/egp.PP



## रामेछाप नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति : २०८२/१२/१०)**

यस कार्यालयबाट तपशिल बमोजिमको कार्यका लागि प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरुको बोलपत्र मुल्यांकन हुँदा तपशिल अनुसारको वोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही तथा न्युनतम मुल्यांकित समेत भएकोले सार्बजनिक खरिद ऐन ,२०६३ को दफा २७ को उपदफा २ एवम दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| सि. नं. | बोलपत्रको नम्वर र कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक रु. (मु.अ.कर सहित) | सूचना प्रकाशित पत्रिका र मिति |
|---|---|---|---|---|
| 1 | RM/12/082/083, Ramechhap Ra Saghutarma Krishi Hat Bajar Babsthapanka Lagi Truss Nirman | Kebaleshwar Construction Construction And Suppliers Private Limited, Ramechhap Municipality-08 | २८,१३,०९२.९ | २०८२/१०/२६ मध्यान्ह राष्ट्रिय दैनिक |

**प्रमुख प्रशासकीय अधिकृत**



PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

## शाखा कार्यालय भरतपुर, चितवनको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/१२/१० गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय भरतपुर, चितवनबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पत्ति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

**१. ऋणीको विवरण**

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा, कम्पनी ऐन, २०५३ बमोजिम मिति २०६१/०९/०५ मा दर्ता नं. ३२११५/०६१/०६२ कायम भई दर्ता भएको चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. ११ स्थित संरक्षण निर्माण सेवा प्रा.लि.

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. लेखनाथ लामिछानेको नाति, बाल गोबिन्द लामिछानेको छोरा, चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स./न.पा वडा नं. ३ स्थित स्थायी ठेगाना भएको केशव प्रसाद लामिछाने (ना.प्र.नं. ९६९/०४४, चितवन)
२. बाल गोबिन्द लामिछानेको बुहारी, केशव प्रसाद लामिछानेको पत्नी, चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको मिना रेग्मी (ना.प्र.नं. ८८११/०४४, चितवन)
३. चुडामणी रेग्मीको नाति, पदम वहादुर रेग्मीको छोरा, चितवन जिल्ला, भरतपुर गा.वि.स./उ.म.न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको विकाश रेग्मी (ना.प्र.नं. ८८१३/०४४, चितवन)
४. चुडामणी रेग्मीको नातिनी, पदम बहादुर रेग्मीको छोरी, चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको विनु देवी रेग्मी (ना.प्र.नं. ८८१२/०४४, चितवन)

**संस्थागत जमानतकर्ताको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४/०७/१६ मा दर्ता नं. १७७४०१/०७४/०७५ कायम भई दर्ता भएको चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ६ स्थित फरेस्ट फ्लेवर रिसोर्ट प्रा.लि.

**२. ऋणीको विवरण**

काले कुमालको नाति, भैरव बहादुर कुमालको छोरो, चितवन जिल्ला, शुक्रनगर गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको विष्णु बहादुर कुमाल (ना.प्र.प.नं. १५६८/०६०चितवन)।

**व्यक्तिगत जमानतकर्ताको विवरण**

भैरव बहादुर कुमालको बुहारी, विष्णु बहादुर कुमालको पत्नी, चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २५ स्थित स्थायी ठेगाना भएको वर्षा गुरुङ कुमाल (ना.प्र.प.नं. ३५-०१-७४-०६७५९, चितवन)

# ‘बा : एक योद्धा’को छायांकन सुरु



**काठमाडौं /मस–** नेपाली संगीत क्षेत्रमा स्थापित सर्जक हरि लम्साल अब चलचित्र निर्देशनमा पनि प्रवेश गरेका छन् । उनको लेखन तथा निर्देशनमा निर्माण हुन लागेको नयाँ नेपाली फिल्म ‘बा : एक योद्धा’ को छायांकन सोमबारदेखि औपचारिक रूपमा सुरु गरिएको छ ।

राजधानीस्थित पशुपतिनाथ मन्दिर परिसरमा निर्माण टिमको उपस्थितिमा धार्मिक विधिअनुसार पूजाआजा गर्दै फिल्मको शुभारम्भ गरिएको हो । आर्टिस्टिक इन्टरटेनमेन्टको ब्यानरमा बन्न लागेको यस चलचित्रले नेपाली समाजको संवेदनशील र यथार्थपरक पाटोलाई केन्द्रमा राख्ने जनाइएको छ।

लामो समयदेखि गायक तथा संगीतकारका रूपमा सक्रिय लम्सालले यसअघि दर्जनौं लोकप्रिय गीतमार्फत आफ्नो पहिचान स्थापित गरिसकेका छन् । अब भने उनी यही चलचित्रमार्फत निर्देशकका रूपमा नयाँ अध्याय सुरु गर्दैछन् । फिल्मको कथा र पटकथा पनि स्वयं लम्सालले तयार पारेका हुन्, जसले उनको सिर्जनात्मक दृष्टिकोणलाई अझ नजिकबाट प्रस्तुत गर्ने अपेक्षा गरिएको छ ।

चलचित्रको शीर्षक तथा सार्वजनिक पोस्टरले यसको कथावस्तु सामाजिक र भावनात्मक हुने संकेत गरेको छ । विशेषगरी नेपाली समाजमा बुवाले परिवार र सन्तानका लागि गर्ने त्याग, संघर्ष र जिम्मेवारीलाई ‘योद्धा’ को रूपमा चित्रण गरिने बताइएको छ । ग्रामीण तथा सहरी जीवनका विविध यथार्थसँग जोडिएको बाबुको भूमिकालाई फिल्मले संवेदनशील ढंगले पर्दामा उतार्ने तयारी गरिएको छ ।

फिल्मको छायांकनमा अनुभवी सिनेमेटोग्राफर शिवराम श्रेष्ठ रहने छन् । उनले यसअघि ‘पूर्ण बहादुरको सारङ्गी’, ‘बोक्सीको घर’ र ‘परान’ जस्ता चर्चित तथा सफल चलचित्रमा काम गरिसकेका छन् । त्यसैले ‘बा : एक योद्धा’ पनि दृश्यात्मक रूपमा आकर्षक र स्तरिय बन्ने अपेक्षा गरिएको छ ।

चलचित्रका निर्माता वसन्त लम्साल हुन् । उनी स्वयं गायक तथा सर्जकका रूपमा पनि परिचित छन् । यसअघि उनले अभिनेता विपिन कार्की अभिनीत ‘कर्मा’ निर्माण गरेका थिए, जसले उनलाई चलचित्र निर्माणमा अनुभव दिलाएको छ ।

फिल्मको मुख्य सहायक निर्देशकका रूपमा तारा नाथ न्यौपाने रहेका छन् । यद्यपि, छायांकन सुरु भइसकेको भए पनि मुख्य कलाकारहरूको नाम भने निर्माण टिमले अहिलेसम्म सार्वजनिक गरेको छैन । दर्शकलाई विशेष ‘सरप्राइज’ दिन कलाकारहरूको नाम गोप्य राखिएको जनाइएको छ ।

आर्टिस्टिक इन्टरटेनमेन्टले यसअघि पनि गुणस्तरीय प्रोजेक्टहरू निर्माण गर्दै आएको पृष्ठभूमिमा ‘बा : एक योद्धा’ बाट पनि दर्शकले भावनात्मक र सामाजिक सन्देश बोकेको मनोरञ्जनात्मक सिनेमा पाउने अपेक्षा गरिएको छ । निर्माण टिमका अनुसार छायांकन सम्पन्न भएपछि मात्रै चलचित्रको प्रदर्शन मिति तय गरिनेछ ।

# ‘पहाड’को पहिलो गीत ‘मोहनी लगाउने’ सार्वजनिक



**काठमाडौं /मस-** निर्देशक तुलसी घिमिरेको निर्देशनमा बनेको चलचित्र ‘पहाड’को पहिलो गीत ‘मोहनी लगाउने’ सार्वजनिक गरिएको छ । कमलपोखरीस्थित एक हलमा आयोजित पत्रकार सम्मेलनमार्फत गीत सार्वजनिक गरिएको हो ।

सार्वजनिक गीतमा नवप्रवेशी अभिनेत्री पञ्चमी घिमिरे र अभिनेता अरुण क्षेत्रीको अभिनय देख्न सकिन्छ । गीतमा निर्देशक घिमिरेकै शब्द, रञ्जित सिंह गजमेरको संगीत तथा भारती घिमिरे, साकार आप्टे, मदनकृष्ण श्रेष्ठ र अश्मिता अधिकारीको स्वर समावेश छ। साथै, अभिनेता विपिन कार्कीले गीतमा ऱ्याप पनि प्रस्तुत गरेका छन्। नृत्य निर्देशन कविराज गहतराजले गरेका हुन् ।

गीत ग्रामीण परिवेशमा आधारित छ र यसमा गाउँको सौन्दर्य, रोजगारीका लागि युवाहरूको विदेश पलायन तथा गाउँमै सम्भावना खोज्नुपर्ने सन्देश प्रस्तुत गरिएको छ । नृत्यप्रधान शैलीमा तयार गरिएको गीतले फिल्मको कथावस्तुको संकेत पनि दिएको निर्माण पक्षको भनाइ छ । कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले निर्देशक घिमिरेको लामो अनुभव र नेपाली चलचित्र क्षेत्रमा उनको परिवारको योगदानको प्रशंसा गरे । उनले घिमिरेको कथा प्रस्तुत गर्ने शैलीप्रति आफू सधैं प्रभावित रहेको उल्लेख गर्दै ‘पहाड’प्रति आशा व्यक्त गरे । निर्देशक घिमिरेका अनुसार फिल्मले पहाडी क्षेत्रबाट युवा जनशक्ति बाहिरिँदा उत्पन्न सामाजिक तथा आर्थिक असरलाई चित्रण गर्नेछ । चलचित्र आगामी नयाँ वर्ष २०८३ को अवसर पारेर वैशाख १ गते प्रदर्शनमा ल्याउने तयारी गरिएको छ ।

फिल्ममा मदनकृष्ण श्रेष्ठ, शिव श्रेष्ठ, सुनिल थापा, विपिन कार्की, रेनुनाथ योगी, रवीन्द्रसिंह बानियाँ, उमा गिरी लगायत कलाकारको अभिनय रहेको छ । यसै फिल्ममार्फत निर्देशक घिमिरेले आफ्नी कान्छी छोरी पञ्चमीलाई अभिनय क्षेत्रमा ल्याएका हुन् भने जेठी छोरी भावना घिमिरे प्रोडक्सन डिजाइनरका रूपमा संलग्न छिन् ।

भाग्यरत्न फिल्म्स प्रालिको ब्यानरमा निर्माण भएको फिल्ममा प्रमोद प्रधान को छायांकन रहेको छ । संगीत निर्देशन रञ्जित सिंह गजमेरले गरेका छन् ।

## काठ जिल्ला बाहिर बिक्री सूचना

**प्रकाशित मितिः- २०८२/१२/१० गते**

श्री जनशक्ती सा.व.उ.स.त्रि.न.पा.-१४, उदयपुरबाट उत्पादित रहेको विभिन्न लटको साल गोलिया ३१ थानको ३८२.७३ क्यू.फिट, काठ जिल्ला बाहिर बिक्री गर्नु पर्ने भएकोले २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि समुहमा सर्म्पक राख्नु होला ।

**श्री जनशक्ती सा.व.उ.स.**
**त्रि.न.पा.-१४, उदयपुर**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/१२/१०**

यस कम्पनीको मिति २०८२/१२/०४ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी कौशल सपोर्ट एण्ड सोलुसन्स प्रा.लि. (Kaushal Support and Solutions Private Limited) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाममा के. एस. एस. प्राइभेट लिमिटेड (प्रा.लि. नं. ३११९०८/०८०/०८१) (K.S.S. Private Limited) को कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्टारको कार्यालयको मिति २०८२/१२/०५ गतेको निर्णय बमोजिम नाम परिवर्तन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**के. एस. एस. प्राइभेट लिमिटेड**
**काठमाण्डौं महानगरपालिका-९, काठमाडौं**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०४/१४ मा दर्ता भएको **प्रा. लि. नं. १९४४९२/०७५/०७६** को **आर्किटेक्ट निरज एण्ड एसोसिएट्स प्रा. लि.** को मिति २०८२/१२/०५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

## बिमिरे चौर सामुदायिक वन उपभोक्ता समूह
**महांकाल गा.पा. १ र २, ललितपुर**

### वन पैदावारको बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/१२/१० गते**

यस सामुदायिक वन क्षेत्रमा रहेका रुखहरु कटान मुछान गरी उत्पादन भएको गोब्रेसल्ला प्रजातिका ३३९७.७४ क्यु.फि. गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलबन्दी बोलपत्रवाट लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित मितिले २१ दिन भित्रमा बोलपत्र फारम खरिद गरी यसै कार्यालयमा २२ औं दिन दिउसो १:०० बजे भित्र शिलबन्दी वोलपत्र दाखिला गर्न सूचित गरिन्छ । बिस्तृत सूचना यस समूहको कार्यालय तथा डिभिजन वन कार्यालय ललितपुरको सूचना पार्टीमा टाँस गरिएको व्यहोरा सूचित गरिन्छ ।

## साइप्रसमा रोजगार

कम्पनी : CONSTANTINA ELENA PIRILLOU-LIC NO.363 शहर : NICOSIA
पूर्व स्वीकृत मितिः २०८२/०४/३० चलानी नं.: ६०२४३२२७ LT. No.: 329354 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EUR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 2 | 5 | सम्बन्धित काममा दक्ष | 800 | १,३८,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Worker | 5 | 2 | | 800 | १,३८,५२० | | | | | | | |
| 3. | Waiter/Waitress | 5 | 5 | | 800 | १,३८,५२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत १७ गते (31 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
